# उत्तरवर्ती नेपाली उपन्यासमा आद्यस्वरूप

**डा. दुर्गाबहादुर घर्ती**
**सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग**
durgagharti@gmail.com

**लेखसार**

प्रस्तुत लेख उत्तरवर्ती नेपाली उपन्यासमा प्रयुक्त आद्यस्वरूपको अध्ययनमा केन्द्रित छ । नेपाली उपन्यासमा परम्परागत प्रवृत्तिको परित्याग र नवीन प्रवृत्ति देखिन थालेपछि उत्तरवर्ती चरणको आरम्भ भएको मानिन्छ । प्रयोगवादी उपन्यासले परम्परागत लेखनबाट परिवर्तनको सङ्केत मिले पनि अर्थको केन्द्रीयता तिनले पनि त्याग्न सकेनन् । नेपाली उपन्यासमा वि.सं. २०३६ देखि बहुलवाद, अर्थको अनिर्धायता, केन्द्रभञ्जन, विधामिश्रण, विडम्बना, सापेक्षतावाद, विनिर्माण, आत्मसन्दर्भात्मकता जस्ता प्रवृत्ति देखापर्न थाल्दछन् । त्यो उत्तरार्ध चरणको आरम्भ हो । उत्तरवर्ती नेपाली उपन्यासमा मनोविश्लेषणको प्रयोग निकै फस्टाएको देखिन्छ । सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्गले मनोविश्लेषणात्मक सिद्धान्तको स्थापनामा महत्त्वपूर्ण योगदान रहेको छ । कार्ल गुस्ताभ युङ्गले विभिन्न पुराण, धर्मशास्त्र, संस्कृति आदिको अध्ययनबाट आद्यस्वरूप सिद्धान्तको प्रतिपादन गरेका छन् । त्यो उनको मौलिक योगदान हो । आद्यस्वरूपको अर्थ मूल ढाँचा वा मूल आकार भन्ने हुन्छ । साहित्यमा यसको प्रयोग आदिम बिम्ब, चरित्र वा परिस्थितिहरूको ढाँचा भन्ने अर्थमा गरिन्छ । युङ्गले आदिम अवशेषलाई आद्यस्वरूप वा आद्यबिम्ब भनेका छन् । आद्यस्वरूप मिथकीय बिम्ब वा अभिप्रायसँग सम्बन्धित हुन्छ । आद्यस्वरूप सामूहिक अचेतनसँग सम्बन्धित हुन्छ । युङ्गले 'एनिमा' (नारीपन), 'एनिमस' (पुरुषपन), 'स्याडो' (छाया), 'पर्सोना' (नकाब) र 'सेल्फ' (स्व) लगायत विभिन्न प्रकारका आद्यस्वरूपको उल्लेख गरेका छन् । उत्तरवर्ती नेपाली उपन्यासमा मिथकीय विषयवस्तु, सपना, पुरुषत्व र नारीत्व, नायकत्वको खोजी, मातृभूमिको आमा बिम्ब, जलवायु परिवर्तनको दुष्प्रभावलाई मानवजातिको मृत्युको छायाका रूपमा प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ । विश्लेष्य उपन्यास प्राथमिक सामग्री हुन् भने आद्यस्वरूपको सिद्धान्त र पूर्वकार्यसँग सम्बन्धित सामग्री द्वितीयक सामग्री हुन् । सङ्कलित सामग्रीको विश्लेषण गुणात्मक पद्धतिमा रहेर पाठात्मक विधिमा गरिएको छ । विविध आद्यस्वरूपको प्रयोग उत्तरवर्ती उपन्यासको विशेषता हो र त्यो उत्तरवर्ती नेपाली उपन्यासको प्राप्ति हो भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

*शब्दकुञ्जी :* आदिम बिम्ब, एनिमा र एनिमस, छाया, मिथकीय अभिव्यक्ति, स्वप्नअभिव्यक्ति

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८१/०३/१२, लेख पुनरावलोकन मिति : २०८०/०६/१७, लेख स्वीकृत मिति : २०८०/०७/१४ । प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नल होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index DOI: https://doi.org/10.3126/vaikharivani.v2i1.70002 Copy right (c) 2025 Vaikharivani. This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

नेपाली उपन्यासमा परम्परागत प्रवृत्तिदेखि दिशान्तर देखिन थालेपछि उत्तरवर्ती चरणको आरम्भ भएको मानिन्छ । निश्चय नै प्रयोगवादी उपन्यासले परम्परागत लेखनबाट वियुक्तिको सङ्केत गरिसकेका हुन्, तर अर्थको केन्द्रीयता तिनले पनि त्याग्न सकेनन् । त्यसैले ती आधुनिकता अर्थात् पूर्ववर्ती चरणअन्तर्गत समेटिन्छन् । पाश्चात्य आख्यानकलाको अनुसरणमा नेपाली उपन्यास लेखिन थालेपछि नेपाली उपन्यासपरम्परामा नौला नौला शिल्प र प्रवृत्तिहरू देखापर्दछन् । नेपाली उपन्यासको आधुनिक कालको उदय हुनुको आधार पनि त्यही नै हो । पाश्चात्य कलासाहित्यमा चलिरहेको यथार्थवादी प्रवृत्तिलाई रुद्रराज पाण्डेको *रूपमती* (१९९१) ले नेपाली उपन्यासमा भित्र्याउँछ

र आधुनिक कालको क्षितिज उघार्छ । नेपाली उपन्यासमा मनोविश्लेषणात्मक प्रयोग आधुनिक कालको नवीनतम प्राप्ति हो । गोविन्दबहादुर मल्ल 'गोठाले' को *पल्लो घरको झ्याल* (२०१६) मनोविश्लेषणात्मक धाराको आरम्भ गर्ने उपन्यास हो । त्यसो त त्यसपूर्वका उपन्यासमा पनि मनोविश्लेषणात्मक सन्दर्भ नभेटिने होइन, किनभने मान्छेका मौलिक स्वभाव र मनोवृत्ति सधैँ उस्तै हुन्छ । गिरीशवल्लभ जोशीको *वीरचरित्र* (१९६०) मा मानवको मानवेतर प्राणीमा र पछि पुनः मानव स्वरूपमा रूपान्तरण; मानवको अलौकिक शक्ति र भूतप्रेत जस्ता अतिमानवीय तत्त्वसँग विजय जस्ता स्वैरकल्पना, *रूपमती* उपन्यासमा सासूको बुहारीप्रति वैरभाव, लैनसिंह बाङ्देलका *मुलुकबाहिर* (२००४) मा पात्रको आवेग-संवेग, शङ्का, पश्चात्ताप, ईर्ष्या जस्ता कुरा एवम् *लङ्गडाको साथी* (२००८) मा लङ्गडाको क्षणक्षणमा बदलिइरहने विचार, कुण्ठा र दमित चाहना मनोविश्लेषणात्मक दृष्टिले उल्लेखनीय छन् । तर मनोविश्लेषणलाई सचेततापूर्वक प्रयोग गरिएको पहिलो उपन्यास *पल्लो घरको झ्याल* नै हो । नेपाली उपन्यास यथार्थवाद, प्रयोगवाद हुँदै उत्तरआधुनिकतावादमा अघि बढेको छ र सामाजिक–सांस्कृतिक विषयका अनेक सन्दर्भसँग सम्बद्ध भएर अन्तर्विषयकताको प्रवृत्ति पनि यसमा देखापरिरहेको छ । त्यस क्रममा नेपाली उपन्यासले प्रयोगवादी चरणदेखि यथार्थवाद एवम् परम्परागत लेखनको प्रवृत्तिलाई छाडेर अघि बढ्ने सङ्केत गरेको हो । पाश्चात्य साहित्यमा सामान्यतः सन् १९६० को दशकदेखि अझ १९७० को दशकदेखि उत्तरआधुनिकतावादी लेखन देखापर्दछ । त्यसको प्रभावमा नेपाली उपन्यासको सिर्जना हुन थाल्दछ । त्यसैबाट उत्तरवर्ती नेपाली उपन्यासको आरम्भ हुन्छ । नेपाली उपन्यासमा वि.सं. २०३६ देखि बहुलवाद, अर्थको अनिर्धायता, केन्द्रभञ्जन, विधामिश्रण, विडम्बना, सापेक्षतावाद, विनिर्माण, आत्मसन्दर्भात्मकता जस्ता प्रवृत्ति देखापर्न थाल्दछन् । त्यो आधुनिक कालदेखि कित्ताकाटको प्रयत्न हो र त्यो उत्तरार्ध चरणको आरम्भ पनि हो । त्यहीँदेखि नेपाली उपन्यासले उत्तरआधुनिकतावादी युगमा पाइला सार्छ । उपन्यास र मनोविश्लेषणका बिच घनिष्ठ सम्बन्ध रहेको पाइन्छ । उपन्यास आख्यान विधाको एउटा रूप हो । संरचनागत आयामविस्तारका दृष्टिले कथा र उपन्यास गरी आख्याका दुई प्रकार हुन्छन् । कथा लघु रूपको र उपन्यास बृहत् रूपको हुन्छ । साहित्यमा मनोविश्लेषण अन्य विधामा भन्दा आख्यानमा ज्यादा फस्टाएको देखिन्छ । आख्यानमा मानवीय स्वभावअनुरूपका घटना र पात्रहरूको वर्णन गरिएको हुन्छ र मनोविश्लेषणले मानवस्वभावको गहन अध्ययन गर्दछ । कथामा भन्दा उपन्यासमा घटनावर्णन र पात्रको चारित्रिक विकास विस्तारपूर्वक हुने भएकाले उपन्यासमा मनोविश्लेषणात्मक सन्दर्भ अझ सूक्ष्म र व्यापक हुन सक्छ । मनोविश्लषणात्मक सिद्धान्तको स्थापना सिग्मन्ड फ्रायडले गरेका हुन् । उनले प्राचीन ग्रिसेली मिथकहरूका आधारमा आफ्ना अवधारणा प्रस्तुत गरेका छन् । सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्ग मनोविश्लेषणात्मक सिद्धान्तका बृहत्त्रयी हुन् । कार्ल गुस्ताभ युङ्ग आद्यस्वरूप र मिथकका अध्येता हुन् । अल्फ्रेड एडलरको हीनताग्रन्थिसम्बन्धी मान्यता उत्तिकै महत्त्वपूर्ण छ । फ्रायडको अचेतनको खोजी, एडलरको हीनताग्रन्थि एवम् युङ्गको आद्यस्वरूपको अवधारणा मनोविश्लेषणात्मक सिद्धान्तका मूल आधार हुन् ।

नेपाली साहित्यमा आद्यस्वरूपको अवधारणालाई आधार बनाएर केही अध्ययन भएको देखिन्छ । राजनारायण प्रधान (सन् १९७१) को *वार्ताहरू* पुस्तकमा सङ्गृहीत "युङ्गको मनोविज्ञान : एक अधीति" शीर्षकको लेखमा युङ्गका प्रमुख मान्यताहरूको परिचय दिइएको छ । यसमा युङ्गले प्रस्तुत गरेका आद्यबिम्बलाई सूक्ष्म ढङ्गमा चिनाउने प्रयत्न गरिएको छ । सैद्धान्तिक समालोचनाका दृष्टिले यो लेख महत्त्वपूर्ण छ । अभि सुवेदी (२०३०) को *पाश्चात्य काव्य–सिद्धान्त*मा पाश्चात्य समालोचनाको परम्परा प्रस्तुत गर्ने क्रममा मनोवैज्ञानिक समालोचनाको पनि चर्चा गरिएको छ । यसमा "आद्यरूपीय, पुरावृत्त र बिम्बमा आधारित समालोचना" शीर्षकमा मनोविश्लेषात्मक सिद्धान्त र समालोचनाको परिचय दिइएको छ । यसप्रकारको समालोचनमा फायड र युङ्गको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गरिएको छ । कृष्ण गौतम (२०५०) को *आधुनिक आलोचना अनेक रूप अनेक पठन*मा "मिथकीय आलोचना" शीर्षकको सैद्धान्तिक र "*प्रह्लाद*को मिथकीय पठन" शीर्षकको प्रायोगिक समालोचना समाविष्ट छन् । ती आद्यस्वरूपीय अध्ययनका दृष्टिले महत्त्वपूर्ण छन् । ईश्वरकुमार श्रेष्ठ (२०५१) को *पूर्वीय एवम् पाश्चात्य साहित्य–समालोचना प्रमुख ममान्यता, वाद र प्रणाली* नामक पुस्तकमा पाश्चात्य समालोचनाको प्रणालीको परिचय दिने क्रममा मनोविज्ञानपरक

समालोचना प्रणालीको पनि चर्चा गरिएको छ । यसमा फ्रायड, एडलर र युङ्गका मान्यतालाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ । पुष्कर लोहनी (२०५३) ले *विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा* नामक पुस्तकमा "यौनमूर्तिको अस्तित्व 'नरेन्द्र दाइ" शीर्षकको लेखमा *नरेन्द्र दाइ* उपन्यासको मनोविश्लेषणात्मक व्याख्या गरेका छन् । नरेन्द्र दाइलाई गौरीको अपरिपुष्ट यौवनले आकर्षित गर्न सक्तैन । गौरीको कोमलपनले भन्दा मुनरियाको खस्रो र खरो स्वभाव अर्थात् पुरुषपनले आकर्षित गर्दछ । नरेन्द्र दाइमा नारीपन प्रबल भएकाले ऊ पुरुषपन प्रबल भएकी मुनरियातर्फ आकर्षित भएको भन्ने तर्क यस लेखमा प्रस्तुत गरिएको छ । मुरारीप्रसाद रेग्मी (२०५५) को 'मनोविश्लेषण' शीर्षकको *नेपाली साहित्यकोश* पुस्तकमा सङ्गृहीत लेखमा मनोविश्लेषात्मक सिद्धान्तको परिचय दिइएको छ । यसमा सर्वप्रथम मनोविश्लेषणात्मक सिद्धान्तको पृष्ठभूमि प्रस्तुत गर्दै त्यसको स्थापनाको प्रक्रिया देखाइएको छ । फ्रायड, एडलर, युङ्गलगायत उत्तरवर्ती मनोवैज्ञानिकहरूको मान्यतालाई एकसाथ प्रस्तुत गर्नु यस लेखको उल्लेखनीय पक्ष हो । दुर्गाबहादुर घर्ती (२०६६) को *समष्टि*मा प्रकाशित "मोदिआइन' उपन्यासमा आद्यस्वरूप" शीर्षकको लेखमा युङ्गको विश्लेषणात्मक मनोविज्ञानका आधारमा पात्रको व्याख्या गरिएको छ । त्यस्तै घर्ती (२०६७) को *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान*मा मनोविश्लेषणात्मक सिद्धान्तका प्रमुख मान्यताहरूको परिचय दिँदै मनोविश्लेषणात्मक नेपाली उपन्यासको परम्परा र नेपाली उपन्यासमा मनोविश्लेषणात्मक प्रयोगको प्रवृत्ति प्रस्तुत गरिएको छ । इन्द्रविलास अधिकारी (२०६१) को *पश्चिमी साहित्यसिद्धान्त*मा पाश्चात्य साहित्यमा प्रचलित विभिन्न समालोचनाको परिचय दिने क्रममा मनोवैज्ञानिक समालोचनाको पनि परिचय दिइएको छ । यसमा फ्रायड, ह्यारोल्ड ब्लुम, ज्याक लकाँ र युङ्गका प्रमुख मान्यताहरूको परिचय दिइएको छ । त्यसैगरी आदिमतापरक समालोचनाको परिचय पनि यसमा प्रस्तुत गरिएको छ । कृष्णहरि बराल (२०६८/२०७२) को *मनोविश्लेषण र साहित्य* सैद्धान्तिक एवम् प्रायोगिक समालोचनाका दृष्टिले उल्लेखनीय छ । यसमा सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर, कार्ल गुस्ताभ युङ्ग, ज्याक लकाँ आदिका मान्यताहरूको परिचय दिइएको छ ।

उत्तरवर्ती नेपाली उपन्यास बहुलकेन्द्री छन् । ती मनोविश्लेषणात्मक दृष्टिले पनि उत्तिकै पठनीय छन् । प्रस्तुत लेखमा युङ्गको आद्यस्वरूपको प्रयोगका दृष्टिले उत्तरवर्ती नेपाली उपन्यास केकस्तो छ भन्ने प्रश्न मुख्य समस्याका रूपमा रहेको छ । त्यही समस्याको समाधान पहिल्याउनु यस लेखको मुख्य द्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । आद्यस्वरूपको प्रयोग भएका उपन्यास यस अध्ययनका प्राथमिक सामग्री हुन् । ती उपन्याससँग सम्बन्धित पूर्वअध्ययन एवम् सैद्धान्तिक लेख एवम् पुस्तकहरू द्वितीयक सामग्री हुन् । तिनलाई टिपोट विधिका आधारमा सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्ययनमा सामग्री विश्लेषण गुणात्मक पद्धतिमा आधारित छ । तिनलाई पाठात्मक विश्लेषण विधिमा प्रस्तुत गरिएको छ । आद्यस्वरूपीय अध्ययन मानवशास्त्रीय एवम् मनोविश्लेषणात्मक आधारमा गर्न सकिन्छ । प्रस्तुत अध्ययन मनोविश्लेषणात्मक सिद्धान्तमा आधारित छ । यसमा युङ्गको आद्यस्वरूपको सिद्धान्तलाई आधार बनाइएको छ । त्यसका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । आद्यस्वरूप मानिसका वंशानुगत रूपमा प्राप्त सार्वभौम विशेषता हुन् र ती मानिसका सामूहिक अचेतनमा रहेका हुन्छन् । तिनको मूल स्वरूप वा बिम्ब मिथक, स्वप्न, स्वैरकल्पना आदिमा पाइन्छ । आद्यस्वरूप व्यक्तिको मानसिक संरचनाको तत्त्व पनि हो । यस लेखमा आद्यस्वरूपको अध्ययन मिथकीय अभिव्यक्ति, स्वप्नअभिव्यक्ति, नारीपन र पुरुषपन, स्वको पहिचान, युद्धको आदिम बिम्ब, जातीय नायकत्वको खोजी, मातृभूमिको आमा बिम्ब, जलवायु परिवर्तनमा मृत्युको छायालाई आद्यस्वरूपको विश्लेषण गर्ने आधार बनाइएको छ ।

**आद्यस्वरूपको सैद्धान्तिक आधार**

आद्यस्वरूप कार्ल गुस्ताभ युङ्गको विश्लेषणात्मक मनोविज्ञानको मुख्य अवधारणा हो । युङ्ग फ्रायडका प्रमुख अनुयायी भए पनि पछि फ्रायडको यौन सिद्धान्तबाट असहमत भएर सन् १९१२ मा फ्रायडबाट छुट्टिए र उनले जुरिचमा मनोविज्ञानको अर्कै सम्प्रदायको स्थापना गरे। त्यसलाई विश्लेषणात्मक मनोविज्ञान भनिन्छ। युङ्गले विभिन्न पुराण, धर्मशास्त्र, संस्कृति आदिको अध्ययनबाट मनोवैज्ञानिक सिद्धान्तको प्रतिपादन गरेका छन्। आद्यस्वरूपको खोज उनको मौलिक योगदान हो।

आद्यस्वरूप अङ्ग्रेजी 'आर्किटाइप' (archetype) शब्दको पर्यायवाची हो। यो शब्द आरम्भ हुनु, शासन गर्नु भन्ने अर्थ बुझाउने ग्रिसेली 'आर्किन' (archein) र प्रकार भन्ने अर्थ बुझाउने 'टाइपोस' (typos) शब्द मिलेर बनेको हो। यसको अर्थ मूल ढाँचा वा मूल आकार भन्ने हुन्छ (मेरियम-वेब्स्टर, मिति नभएको)। साहित्यमा यसको प्रयोग आदिम बिम्ब, चरित्र वा परिस्थितिहरूको ढाँचा भन्ने अर्थमा गरिन्छ जसलाई सार्वभौमिक अवधारणा वा स्थिति मानिन्छ (ब्रिटानिका, मिति नभएको) । यस शब्दलाई साहित्यिक समालोचनामा कार्ल गुस्ताभ युङ्गले प्रचलित बनाएका हुन्।

युङ्ग विशेषगरी प्लेटोको दर्शन, फ्रायडको मनोविश्लेषण र लेभि-स्ट्रसको मानवशास्त्रीय संरचनावादबाट प्रभावित छन् । युङ्गले प्लेटोको विचार वा प्रत्ययको सिद्धान्तलाई आद्यस्वरूपसम्बन्धी अवधारणाको आधार बनाएका छन्। प्लेटो (सन् २००५) का अनुसार दृश्यमान् वस्तुजगत् सत्य नभएर त्यसको विचार वा मूल स्वरूप सत्य हो जसको अनुकरणद्वारा वस्तु बन्दछ (पृ. ३०) । युङ्ग (१९६४) ले आदिम अवशेषलाई आद्यस्वरूप वा आद्यबिम्ब भनेका छन् (पृ. ६७)। आदिम शक्ति कमबेसी सार्वभौम हुन्छन्। आद्यस्वरूप मिथकीय बिम्ब वा अभिप्राय (मोटिफ) सँग सम्बन्धित हुन्छ । त्यो चेतन रूपको नभएर वंशानुगत स्वरूपको हुन्छ । अभिप्राय मिथक वा लोकसाहित्यमा हुने अलौकिक तत्त्व हो। स्टिथ थम्प्सन (१९५५-१९५८) ले लोककथा, मिथक, अनुश्रुति आदिमा पाइने अभिप्रायहरूका प्रकार पौराणिक, पशु, वर्जना, जादु, मृतक, आश्चर्य, राक्षस, परीक्षण, विद्वान् र मूर्ख, धोका, भाग्य परिवर्तन, निश्चित भविष्य, अवसर र भाग्य, समाज, पुरस्कार र दण्ड, कैदी र भगुवा, अस्वाभाविक निष्ठुरता, यौन, जीवनको प्रकृति, धर्म, पात्रका विशेषता, हास्य, नायक, प्रतीकहरू भनेर उल्लेख गरेका छन्। आद्यस्वरूप र मूल प्रवृत्ति उस्तै लागे पनि तिनमा भिन्नता छ। मूल प्रवृत्ति भनेको इन्द्रियले अनुभव गर्ने मनोवैज्ञानिक प्रेरणा हो भने आद्यस्वरूप स्वैरकल्पना र प्रतीकात्मक बिम्ब हो। त्यसको उत्पत्तिको ज्ञान कसैलाई हुँदैन, तर त्यसको पुनरुत्पादन भने भइरहन्छ (युङ्ग, सन् १९६४, पृ. ६९)। आद्यस्वरूप सामूहिक अचेतनसँग सम्बन्धित हुन्छ जसलाई आदिम प्रकार, आद्यबिम्ब पनि भनिन्छ। आद्यस्वरूप आदिम मानिसहरूको सामूहिक अनुभूति हो। त्यो सामूहिक अनुभूति सामूहिक अचेतनका माध्यमद्वारा हामीमा प्राप्त छ। त्यही नै आद्यस्वरूप हो (युङ्ग, सन् १९६९, पृ. ४) । आद्यबिम्बले अप्रत्यक्ष रूपमा सामूहिकताको प्रतिनिधित्व गर्छ। आद्यस्वरूप मानिसमा आदिम कालदेखि आनुवंशिक रूपमा प्राप्त हुँदै आएको छ। मानिसका आदिम अन्तर्ज्ञानले विभिन्न प्रकारका शक्तिहरूलाई मानवीकरण गरेका रूपद्वारा नै आदिम रूप वा बिम्ब स्थापित भएका हुन् (युङ्ग, सन् १९५८, पृ. २१) । आदिम मानवहरूको चिन्तन र व्यवहार पूर्वानुमान वा कल्पनामा आधारित थियो। आफूले कल्पना गरेका कुरालाई नै उनीहरूले अलौकिक उत्पत्ति ठान्थे (युङ्ग, सन् १९३३, पृ. १४६) । भूतप्रेत र देवताको उत्पत्तिको आधार पनि त्यही नै हो। युङ्ग (१९६९) का अनुसार आदिम मानसिकताले अदृश्य उपस्थितिलाई मृतकको आत्माका रूपमा भूत वा राक्षसका रूपमा मानवीकरण गर्‍यो। यो बिम्ब र छायादार प्रदर्शन हो। त्यसको विपरीत अतिप्राकृतिक तत्त्व भगवान् हो । तिनै विश्वास आद्यबिम्ब वा आद्यस्वरूपका रूपमा रहेका छन् । आद्यस्वरूप सपना र स्वैरकल्पनामा पनि देखापर्दछन्। आद्यस्वरूपको अभिव्यक्ति मिथक र परीकथा हुन्। आद्यस्वरूप मिथकमा बाँचिरहेको हुन्छ।

युङ्गको आद्यस्वरूपसम्बन्धी अवधारणा अचेतनसँग सम्बन्धित छ । फ्रायड (सन् १९१०) का अनुसार अचेतन चेतनमा बिर्सिएका र चेतनबाट दमित भएका कुरा हुन् (पृ. १९३) । युङ्गका अनुसार अहम्, सामूहिक अचेतन र वैयक्तिक अचेतन गरी मनका तीन पक्ष हुन्छन् । सामूहिक अचेतन एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने वंशानुगत तत्त्वको व्यापक सञ्चित भण्डार हो (युङ्ग, सन् १९३३, पृ. २१५) । वैयक्तिक अचेतन व्यक्तिविशेषको जीवनको अनुभवबाट निर्मित हुन्छ । सामूहिक अचेतन आधार हो र यसैबाट चेतन विकसित हुन्छ (युङ्ग, १९३३, पृ. १९०) । युङ्गले सामूहिक अचेतनलाई महत्त्व दिएका छन् । अहम् चेतन पक्ष हो ।

युङ्गले विभिन्न प्रकारका आद्यस्वरूपको उल्लेख गरेका छन् । आद्यस्वरूपहरू हाम्रा मानसिक संरचनाको आधारका रूपमा रहेका हुन्छन् । आद्यस्वरूप हाम्रा मानसिक संरचनाका तत्त्व हुन् र ती मानसिक व्यवस्थामा महत्त्वपूर्ण तथा आवश्यक घटक हुन् (युङ्ग, सन् १९६९, पृ. १६०) । तीमध्ये मुख्य रूपमा 'एनिमा' (नारीपन), 'एनिमस' (पुरुषपन), 'स्याडो' (छाया), 'पर्सोना' (नकाब) र 'सेल्फ' (स्व) पर्दछन् । 'एनिमा' सधैँ निश्चित विशेषताका साथ नारी स्वरूपको हुन्छ (युङ्ग, सन् २००३b, पृ. १२४) । आमा, हजुरआमा, छोरी, देवी, परी, रानी, प्रेमिका आदि नारी बिम्ब हुन् । ‘एनिमस’ पुरुषसुलभ गुण हो । त्यो सृष्टिकर्ता, ईश्वर, बाबुको आदिम स्वरूप, नायक, प्रेमी, आदिम पुरुष, शासक, जादुगर, ठट्टेबाज, सन्त हो (युङ्ग, सन् २००३b, पृ. १३४) । नारी र पुरुष दुवैको सामूहिक अचेतनमा 'एनिमा' र 'एनिमस' हुन सक्छन् । पुरुषमा नारी गुण हुनु 'एनिमा' हो भने नारीमा पुरुष गुण हुनु 'एनिमस' हो (युङ्ग, सन् १९८९, पृ. १५२) । युङ्गले पुरुष चेतनालाई 'लोगोस' र नारी चेतनालाई 'इरोस' को अवधारणालाई सन्दर्भित गरेका छन् । ती सूर्य र चन्द्र प्रतीकसँग समान छन् । प्राचीन ग्रिसेली मिथकमा 'इरोस' शब्दको अर्थ संवेग, प्रेम, इच्छा, सिर्जना र 'लोगोस' शब्दको अर्थ नियम भन्ने हुन्छ । युङ्गले 'लोगोस' लाई विभेद, निर्णय र निरीक्षण भन्ने अर्थमा र 'इरोस' लाई सम्बन्ध बनाउने क्षमताको अर्थमा उल्लेख गरेका छन् (युङ्ग, सन् २००३b, पृ. ९२-९३) । उनका अनुसार एनिमा पुरुषको मनोविज्ञानको नारी अंश हो । त्यसैले त्यो प्राकृतिक रूपमा नारीमा हुँदैन, जब त्यो नारीको चेतनामा हुन्छ, त्यसलाई 'इरोस' भनिन्छ । त्यसका विपरीत पुरुषमा हुने 'एनिमस' व्यक्ति होइन, त्यो चेतना 'लोगोस' हो (युङ्ग, सन् २००३b, पृ. १५१) । नारीत्वले अत्यन्त कोमल भावना बुझाउँछ । पुरुषले त्यसलाई दमन गर्न खोजिरहेको हुन्छ । पुरुषको अचेतनमा रहेको नारीको सामूहिक बिम्बले उसमा नारीगुण देखापर्दछ (युङ्ग, सन् २००३a, पृ. ८९) । एनिमससँग नारीको पनि सङ्घर्ष हुन्छ । नारी र पुरुष सँगसँगै रहने हुनाले तिनमा एकअर्काका गुण परस्पर सरेको देखिन्छ भने अन्यबाट आएको गुणसँग तिनको सङ्घर्ष पनि भएको हुन्छ ।

एनिमा र एनिमसले देवी र देवता भन्ने अर्थ पनि बुझाउँछन् । तर ती सकारात्मक स्वरूपको मात्र नभएर नकारात्मक वा प्रतिकूल भूमिका भएका पनि हुन्छन् । 'स्याडो' व्यक्तित्वको नकारात्मक पक्ष हो । यसले व्यक्तिका अँध्यारो पक्ष बुझाउँछ । आदिमता, हिंसा, क्रूरता अँध्यारोपनको शक्ति हो । युद्ध राक्षसीय शक्तिको प्रकाशन हो जुन अचेतनमा सञ्चित रहेको हुन्छ (युङ्ग, सन् १९५८, पृ. ३ र ६) । यो नारीत्व र पुरुषत्व दुवैमा हुनसक्छ । त्यो संवेगात्मक प्रकृतिको हुन्छ र यसले हीनता र व्यक्तित्वको तल्लो तहको अवस्थालाई बुझाउँछ । यो अनियन्त्रित र अनैतिक प्रकारको हुन्छ, यसले आदिम प्रकारको व्यवहार गर्छ (युङ्ग, सन् २००३a, पृ. १८९) । आत्मा, बोक्सी, कुटिनी, धूर्त, जादुगर, ड्रागन, सर्प, माछा, गोही, भालु, बिरालो, चिहान, शवपेटिका, गहिरो पानी, मृत्यु, दुःस्वप्न, आदिम वा बर्बर, भूल, स्खलन, अशिष्टता, भूतप्रेत, राक्षस, बाढी आदि बिम्ब छाया हुन् । यीमध्ये कुनै सकारात्मक र नकारात्मक द्वैध प्रकृतिका पनि देखापर्दछन् ।

ल्याटिन शब्द 'पर्सोना' को अर्थ नकाब वा देखावटी व्यक्तित्व भन्ने हुन्छ । प्रत्येक व्यक्ति जो जहाँ छ, जुन पदमा छ, जुन स्थितिमा छ, त्यहीअनुकूल हुन खोज्छ । त्यही प्रकारको व्यक्तिको आदर्श छवि 'पर्सोना' हो । यो आफ्नो

वास्तविक स्वरूप लुकाउने र अरूका प्रभावका आधारमा व्यक्तित्व प्रकट गर्ने वैयक्तिक चेतना र समाजबिचको जटिल पद्धति हो (युङ्ग, सन् २००३a, पृ. ९१) । 'पर्सोना' बाट नै 'पर्सनालिटी' अर्थात् व्यक्तित्व विकसित हुन्छ ।

'सेल्फ' अर्थात् स्व आद्यस्वरूप व्यक्तित्वसँग सम्बन्धित छ । यसलाई युङ्गले उच्चकोटीको व्यक्तित्व भनेका छन् । यो चेतन, अचेतन र अहम्को समग्रता हो । चेतनको केन्द्रमा अहम् हुन्छ । स्व समग्र व्यक्तित्वको केन्द्रका रूपमा रहेको हुन्छ । अहम् स्वको अंशका रूपमा रहेको हुन्छ (युङ्ग, सन् १९६९, पृ. १८७) । त्यसैले स्व अहम्भन्दा भिन्न हुन्छ । अचेतनका साथमा रहने हुनाले त्यसलाई आनुभविक रूपमा महसुस गर्न सकिँदैन, तर प्रक्षेपणका ढङ्गद्वारा त्यसलाई अप्रत्यक्ष रूपमा बुझ्न सकिन्छ ।

युङ्गले अन्य विभिन्न आद्यबिम्बको पनि उल्लेख गरेका छन् । युङ्ग (२००१) का अनुसार आमा आद्यस्वरूपका अनन्त पक्ष छन् । तीमध्ये व्यक्तिगत आमा, हजुरआमा, सौतेनी आमा, सासुआमा, नर्स, शिक्षिका, पूर्वज महिला, देवी महत्त्वपूर्ण छन् । मिथकमा विभिन्न आमा आद्यस्वरूपको उल्लेख पाइन्छ । आमा आद्यस्वरूप प्रायः प्रजनन र परिपूर्णतासँग सम्बन्धित हुन्छ । तिनले सकारात्मक वा अनुकूल र नकारात्मक वा प्रतिकूल अर्थ वहन गरेको पाइन्छ । उदाहरणका रूपमा भाग्यकी देवी सकारात्मक प्रतीकका रूपमा र बोक्सी, राक्षसनी नकारात्मक प्रतीकका रूपमा देखापर्दछन् । पुनर्जन्मलाई युङ्गले आत्माको स्थानान्तरण, मृत्युपछिको देहधारण, पुनर्जीवन, नवीनीकरण र रूपान्तरण गरी पाँच प्रकारमा उल्लेख गरेका छन् । बच्चा पुनर्जन्म तथा रूपान्तरणको प्रतीक हो । राक्षस वा नायक प्रतीकात्मक रूपमा मानव आकृति हुन् । मानवीय स्वरूपका ती प्रतीक सूर्य उज्यालोबाट अन्धकारमा र अन्धकार रातबाट पुनः उज्यालोमा परिवर्तन भए जस्तै परिवर्तन हुन्छन्, तिनको पुनर्जन्म हुन्छ । पुनर्जन्म आदिम कथनको आद्यस्वरूप हो । आत्मा अतिप्राकृतिक वा अप्राकृतिक तत्त्व हो । यो आदिम बिम्ब हो । आत्मा अनुकूल र प्रतिकूल किसिमको हुन्छ । ठगको वर्णन मिथक र लोककथामा पाइन्छ । त्यस अभिप्रायलाई युङ्ले आद्यस्वरूप भनेका छन् । त्यसैगरी आगो, पानी, कामुकता, शिशु, बुद्धिमान्, प्रकाश, बाघ, भालु, हात्ती, माकुरा, गँगटो, पुतली, जुका, फूल,

नेपाली उपन्यासको पूर्वार्ध चरणका उपन्यास मूलतः फ्रायडकेन्द्री छन् । 'गोठाले' को *पल्लो घरको झ्याल* (२०१६), विजय मल्लको *अनुराधा* (२०१८), भवानी भिक्षुका *सुभद्रा बज्यै* (२०१९), *आगत* (२०३२), *पाइप नं. २* (२०३४), तारिणीप्रसाद कोइरालाको *सर्पदंश* (२०२६), विश्वेश्वरप्रसाद कोइरालाको *सुम्निमा* (२०२७) पात्रको अचेतनको उद्घाटनमा केन्द्रित छन् । अचेतनमा दमित इच्छा, अझ विशेषगरी कामेच्छा, अचेतनको प्रेरणा, इदम् तथा अहम् र पराहम्का बिच द्वन्द्व जस्ता कुराको चित्रण नै ती उपन्यासको मुख्य विशेषता हुन् । तिनमा केही मात्रामा एडलर र युङ्गको मनोविज्ञानको पनि प्रयोग गरिएको पाइन्छ । ती उपन्यासहरूमा पात्रमा हीनता ग्रन्थि र उच्चता ग्रन्थिको प्रभाव, आद्यस्वरूप तथा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वको चित्रण पनि गरिएको पाइन्छ । उत्तरार्ध चरणका उपन्यासमा मनोविश्लेषणको प्रयोग विविध सन्दर्भसँग सम्बद्ध भएर गरिएको देखिन्छ । त्यस दृष्टिले आद्यस्वरूपको प्रयोग पनि उल्लेखनीय छ । आद्यस्वरूप विशेषगरी मिथक, स्वप्न, स्वैरकल्पनामा अभिव्यक्त भएको पाइन्छ ।

**मिथकीय अभिव्यक्तिमा आद्यस्वरूप**

उत्तरवर्ती नेपाली उपन्यासमा मिथकीय विषयवस्तुको प्रयोग उल्लेखनीय रहेको छ । तिनमा मिथकको पुनरावृत्तिभन्दा पनि अन्य कथनको प्रयोजनका लागि मिथकको प्रयोग गरिएको पाइन्छ । त्यो एक प्रकारको कथनशिल्प वा प्रविधि हो । मिथकीय विषयवस्तु अँगालेका उपन्यासमा आद्यस्वरूपको प्रकटन भने जीवन्त रूपमा भएको पाइन्छ ।

उत्तरवर्ती नेपाली उपन्यासको आरम्भदेखि नै मिथकीय विषयवस्तु भएको उपन्यास देखापर्दछन् । विश्वेश्वरप्रसाद कोइरालाको *मोदिआइन* (२०३६) उपन्यासमा प्रेतात्मा, पुनर्जन्म, ईश्वर, मृत्युको भय, आमा जस्ता आद्यबिम्ब पाइन्छन् । उपन्यासमा मोदिआइनलाई प्रेतात्माका रूपमा हेरिएको छ । उपन्यासमा महाभारतकी 'नारी' मछुवारिन हुँदै

मोदिआइनसम्ममा देखापर्दछे । यो प्रेतात्माको रूपान्तरण हो । महाभारतकी नवविवाहिता युवती 'नारी' पतिसुख राम्ररी भोग्न नपाउँदै र आमा बन्न नपाउँदै कुरुक्षेत्रमा भएको महाभारत युद्धमा पतिको देहावसान भएकाले विधवा बन्नपुग्दछे । उसको पतिको शव चीलले उडाएर लगी दरभङ्गाको वापीमा खसाली छोडेपछि उसकी पत्नी 'नारी' मृत्यपश्चात् त्यही वापीको छेउमा मछुवारिनका रूपमा देखापर्दछे । "महाभारतको पालामा कुरुक्षेत्रमा एउटा योद्धाको शरीरलाई टिपेर उडेको चीलले यही वापीमा आएर त्यस शवलाई फ्याँकेको थियो । कहाँ कुरुक्षेत्र र कहाँ दरभङ्गा !" (कोइराला, २०४६, पृ. २१) भनेर महाभारत कालको त्यस घटनालाई जान्ने मछुवारिन दरभङ्गा दरबारको तान्त्रिकले उसको परिचय माग्दा उसको मुस्कुराइरहेको अवस्था बन्द हुन्छ र ऊ परिचय दिन अस्वीकार गर्दै हिंड्छे । तान्त्रिकले बाटो छेकेर त्यो रहस्य बुझ्न खोज्छ "तर, तबसम्म मछुवारिन आलोप भैसकेकी थी । न त्यहाँ मछुवारिन नै थी, न उसको डालो" (पृ. २१) । यसबाट मछुवारिन महाभारतकी 'नारी' को प्रेतात्मा भएको बुझिन्छ । मछुवारिन र मोदिआइनका रूप, रङ, स्वरूप, लुगा, गहना, पेसा, अवस्था उस्तै प्रकारका देखिन्छन् । मोदिआइनले महाभारतकी 'नारी' का सबै कुरा आफ्नो अनुभूति जस्तै सबै कुरा व्यक्त गर्दछे । उसले भन्छे :

> त्यसैले युगयुगदेखि मेरो प्राणनाथको प्राण खसेको थलोमा आएर बसिरहेकी छु, अनन्तसम्म बसिरहने छु, यस तलाउका किनारामा, जुन थलोलाई मेरा लागि मेरो प्रेमीको शरीरको अन्तिम स्पर्शले प्रिय बनाएको छ । हामी लाखौँ नारी, महाभारतको युद्धमा विधवा भएका, ठाउँ ठाउँमा आफ्ना आफ्ना प्रियलाई खोज्दै पुगेका छौँ, ठाउँ ठाउँमा युग युगदेखि पर्खी बसेका छौँ मरेका प्याराका लागि... । (पृ. ५८-५९)

यस उपन्यासमा कृष्ण ईश्वरको आद्यरूपको रूपमा देखापर्दछ । उसले अर्जुनलाई युद्धमा विरत नहुन र हतियार उठाउन प्रेरित गरिरहन्छ । उसले अर्जुनलाई भन्छ :

> हे परंतप पार्थ, तिमी अहिले अज्ञानको अन्धकारमा छौ । ज्ञानको चक्षु उचाले हेर, यहाँ कसले कसलाई मारिरहेको छ ? यो तिम्रो शरीर त एउटा थोत्रो टालो हो, जसलाई मरेँ भन्दा तिमी त्याग्छौ मात्र । न तिमी मर्छौ न मार्छौ कसैलाई । यो तिमीले देखेका कुरा सबै मिथ्या हुन्, महाबाहो ! (पृ. ५४-५५)

जन्म, पालन र हरण ईश्वरले मात्र गर्न सक्छ । मरणको भय नभएको व्यक्तिले मात्र निष्काम भावले युद्ध गर्न सक्छ । युद्धको आरम्भ हुने समयमा अर्जुनले युद्ध गर्न अनिच्छुक भएपछि कृष्णले युद्ध गर्नका लागि प्रेरित गर्न अर्जुनलाई गीता सुनाउँछ । युद्ध मैदानको बिचमा सुनाइएको गीताको दर्शन अर्जुनले मात्र नभएर अरू योद्धाहरूले पनि सुन्छन् । गीताको प्रभाव ती सबैलाई पर्दछ । "केवल अर्जुनमा मात्र देवता लागेको थिएन । गीताको उपदेश कृष्णले अर्जुनलाई मात्र सुनाएका थिएनन् । कुरुक्षेत्रमा एकत्रित भएका लाखौँ सैनिकले गीता सुनेर आफू उन्मादमा आएको पाए" (पृ. ५७) । अर्जुनलगायत सबैले कृष्णमा ईश्वरीय बिम्ब देख्छन् र कर्तव्यका रूपमा गीतामा उपदेश गरेअनुसार सबै युद्धमा होमिन्छन् । असत्‌विरुद्धको युद्ध भनिएको महाभारतको युद्धलाई छायाका विरुद्ध युद्ध भन्न सकिन्छ ।

मदनमणि दीक्षितको *माधवी* (२०३९) उपन्यास महाभारतको मिथकमा आधारित छ । यसमा विश्वामित्र शासकको बिम्बमा देखापर्दछ । सारा औपन्यासिक घटना उसले गालवलाई गुरुदक्षिणाका रूपमा चारओटा श्यामकर्ण घोडा ल्याउने आदेश दिएका कारणले घटित भएका छन् । विश्वामित्र दासलाई स्वतन्त्र बनाउन चाहन्छ र त्यो कुरा सबैमा लागु गराउन पनि चाहन्छ । त्यसका लागि अश्वमेध यज्ञ गर्न उसलाई श्यामकर्ण घोडाको आवश्यकता परेको छ । गुरुदक्षिणा बुझाउन गालव र माधवीले गरेका कष्टसाध्य कार्यको वर्णन नै यस उपन्यासको कथा हो । ययाति, हर्यश्व, दिवोदास, शिवी, शनिशिरा आआफ्ना जनपदका राजा वा प्रमुख भए पनि तीभन्दा विश्वामित्रको शक्ति र प्रभाव ज्यादा देखिन्छ । बरु चौलामाताको स्थान उच्च र सबल देखिन्छ । वनायु जनपदका साथै इभ्यग्राम र शैवालिक जनपदमा पनि

चौलामाताको शासनअन्तर्गत पर्दछन् । सबैकी माताका रूपमा रहेकी उसमा शासकका साथै आमाको बिम्ब पनि देखापर्दछ ।

राजेश्वर देवकोटाको *द्वन्द्वको अवसान* (२०४२) उपन्यासमा महाभारतको कथालाई विषयवस्तुगत आधार बनाइएको छ । उपन्यासको केन्द्रमा कर्ण रहेको छ । यस उपन्यासमा कर्णलाई नायकको बिम्बमा हेरिएको छ । नियतिले ठगिएको भए पनि ऊ धीर, वीर, पराक्रमी, दानी, त्यागी, सहिष्णु व्यक्तिका रूपमा देखापर्दछ । कौरव पक्षबाट युद्धमा उत्रिएको कर्णलाई कुन्ती र कृष्णले भावना, धर्म, सत्य, प्रलोभन आदि देखाएर पाण्डवका पक्षमा लाग्न भन्नुबाट युद्धमा उसको महत्त्व स्पष्ट हुन्छ । युद्धको समाप्तिपछि कुन्तीले युधिष्ठिरलाई कर्ण तिम्रा दाजु भएकाले विधिवत् संस्कार गर्न भनेपछि बल्ल पाण्डवहरूले कर्णलाई चिन्दछन् । अत्यन्त क्षोभ, पश्चात्ताप, वेदनामा युधिष्ठिरले भन्छ- "पूज्य कर्ण, तिमीले जन्मिएकै घडीदेखि स्वाधीन भएर जीवनभर विचार र विवेकले आदर्श जीवनकथाको सृष्टि गरेर छाड्यौ, यस आर्वर्तीय पुण्यभूमि भारतवर्षका राजा तिमी ह्वौ" (देवकोटा, २०५०, पृ. ८२) । महाभारतको युद्ध जितेका पाण्डवहरूसमेतले आदर्श व्यक्ति मानेको कर्ण साँच्चिकै एउटा नायकका रूपमा देखापर्दछ ।

दौलतविक्रम विष्टको *ज्योति ज्योति महाज्योति* (२०४५) पशुपति क्षेत्रलाई परिवेशगत आधार बनाएर लेखिएको उपन्यास हो । वर्ष दिनभरिमा त्यस क्षेत्रमा गरिने पूजाआजा र धार्मिक अनुष्ठान, त्यस क्षेत्रका मान्छेको जीवनशैली, आस्था, विश्वास, विचार र भावनालाई उपन्यासमा विस्तृत रूपमा चित्रण गरिएको छ । उपन्यासको केन्द्रमा घाइते शङ्कर र प्रजाम्बी रहेका छन् । ती शिव र पार्वतीको बिम्बमा देखापर्दछन् । पुराणमा शिव हराएपछि पार्वतीका लागि खोजिको विषय बन्दछ । उपन्यासमा प्रजाम्बीको पति हराएको छ । जसरी शिवलाई मान्छेहरूले अनेक ढङ्गमा बुझ्छन्, त्यसैगरी घाइते शङ्करलाई पनि अनेक ढङ्गमा बुझ्छन् । घाइते शङ्कर रहस्यमय छ । ऊ बौलाहा जस्तो, समदर्शी र समभाव भए जस्तो, अबोध जस्तो, निर्विकार भए जस्तो, आर्यघाटको दाहसंस्कार गर्ने ठाउँमा रातिमा सुत्ने शङ्कर जस्तो अनेक रूपमा देखिन्छ । प्रजाम्बी मन, वचन र कर्मले शिवको ध्यानमा रहने पार्वती जस्ती देखिन्छे ।

विनोदप्रसाद धितालको *योजनगन्धा* (२०५२) उपन्यास महाभारतको कथामा आधारित छ । यो उपन्यास नारीपात्र योजनगन्धामा केन्द्रित छ । घटनाको समाख्यान पनि योजनगन्धाले नै गरेकी छ । आफू राजकन्या भन्ने बुझिसकेपछि र पराशर ऋषिले बनाएको जन्मपत्रिकामा जन्म नक्षत्रअनुसार राजा हुने कुरामा शङ्का नभएको र राजकाज आफ्नै हातमा रहने भन्ने भएकाले योजनगन्धामा महत्त्वाकाङ्क्षा बढ्न थाल्दछ । राजा शन्तनुसँग विवाह भएपछि दाम्पत्य एवम् राजकीय सुख प्राप्त भए पनि, राजकाजको बागडोर आफ्नो हातमा परे पनि उसलाई पूर्ण सन्तुष्टि मिलेको देखिँदैन । वृद्ध पतिबाट शारीरिक र मानसिक सन्तुष्टि प्राप्त हुन नसकेपछि ऊ आफ्नै उमेरको देवव्रतप्रति आकर्षित हुन्छे र त्यसबाट सन्तुष्टि प्राप्त गर्ने प्रयत्न पनि गर्छे । देवव्रत योजनगन्धाले जन्म दिएको नभए पनि नाताले छोरो नै हो । निषिद्ध पुरुषमा यौनजन्य अनुराग राख्नु उसको लैङ्गिक विकृति नै हो । त्यो उसको चरित्रमा देखापर्ने अँध्यारो पक्ष हो । उसमा त्यस्तो प्रवृत्ति देखिनुमा वंशानुगत गुण पनि कारकका रूपमा रहेको छ । ऊ स्वर्वेश्या अप्सरा अद्रिकाकी छोरी हो । आमाको गुण उसमा सामूहिक अचेतनका रूपमा आएको छ ।

जगदीश शमशेर राणाको *सेतो ख्याकको आख्यान* (२०६०) उपन्यासको नामकरण नै ख्याक अर्थात् भूतसँग सम्बन्धित छ । सेतो ख्याकको आख्यान उपन्यास सेतो ख्याकमा केन्द्रित रहेको छ । उपन्यासका विभिन्न सन्दर्भहरू यसैका माध्यमबाट सूत्रबद्ध भएका छन् । उपन्यासभरि सर्वत्र यसकै चर्चा र चासो रहेको पाइन्छ । यो आद्यस्वरूपीय प्रकारको छ । यसलाई “फापको सेतो, शुक्ल पक्षजस्तो जहाँ जान्छ उहीँ उज्यालो हुने, भित्ताले नछेक्ने, ढोकाले नरोक्ने, नटोक्ने, सातो नखाने, ख्याक भाग मात्र खाने, झुलुक्क देखिने अनि बेपत्ता हुने, जुन घर पस्यो त्यहाँ फापैफाप हुने (राणा, २०६०, पृ. १८१), भनिएको छ । यी भनाइहरूबाट सेतो ख्याक जनविश्वासमा आधारित अलौकिक, अभौतिक, प्राणीइतर मिथकीय तत्त्वका रूपमा देखापर्दछ । सेतो ख्याक फापको र कालो ख्याक अफापको मानिन्छ । प्रस्तुत

उपन्यासमा सेतो ख्याक सबैको आशा र भरोशाको केन्द्रबिन्दु बन्नपुगेको छ । भक्तपुर, ललितपुर र अझ विशेषगरी कान्तिपुरका राजाप्रजा सबै गोर्खालीहरूको सम्भावित आक्रमण र आफूहरूको पराजयको दुश्चिन्ताले भयभीत बनेका छन् । देशको बिग्रँदो अवस्था र शक्तिशाली गोर्खालीहरूद्वारा पराजित हुने दुश्चिन्ताले ग्रस्त बनेका कान्तिपुरवासीका लागि आशाको एउटै आधार बडाकाजी धोकलसिंहको घरमा देखापरेको सेतो ख्याकलाई मानिएको छ । यस उपन्यासमा सेतो ख्याकको उपस्थिति प्रतीकात्मक रूपमा छ ।

कृष्ण धरावासीको *राधा* (२०६२) पौराणिक विषयवस्तुमा आधारित छ । यो उपन्यास राधाको केन्द्रीयतामा संरचित छ र राधासँग कृष्णको सन्दर्भ पनि जोडिएर आएको छ । राधा र कृष्ण ईश्वरीय बिम्बमा देखापर्ने आद्यस्वरूप हुन् जसलाई विभिन्न पौराणिक साहित्यमा उल्लेख गरिएको छ । यस उपन्यासमा उत्खननबाट प्राप्त प्राचीन अभिलेखमा भएको राधा र कृष्णको कथा प्रस्तुत गरिएको छ ।

शंकरप्रसाद गैरेको *कृष्ण* (२०७८) उपन्यासमा पौराणिक विषयवस्तुलाई नवीन ढङ्गमा प्रस्तुत गरिएको छ । निश्चय नै यसमा पौराणिक पात्रलाई मानवीकरण गर्ने प्रयत्न गरिएको छ, तर कृष्णको ईश्वरीय बिम्ब हराएको छैन । यस उपन्यासमा अरू धेरै पौराणिक बिम्ब आएका छन् ।

**स्वप्नअभिव्यक्तिमा आद्यस्वरूप**

स्वप्न अचेतन मनको अभिव्यक्ति हो । यसमा विगतका अनुभूति, अचेतनका इच्छा, भविष्यको सङ्केत आदि सपनाका माध्यमबाट अभिव्यक्त हुन्छ भन्ने कुरा मनोवैज्ञानिकहरूले उल्लेख गरेका छन् । युङ्गका विचारमा सपनाका माध्यमद्वारा आद्यस्वरूपको अभिव्यक्ति हुन्छ । उत्तरवर्ती नेपाली उपन्यासमा सपनाका माध्यमद्वारा प्रकट भएका आद्यस्वरूपका उदाहरण प्रशस्त पाइन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको *हिटलर र यहूदी* (२०४०) स्वप्न अभिव्यक्तिका दृष्टिले उल्लेखनीय छ । विश्वयुद्धले ध्वस्त भएको बर्लिन सहर, त्यहाँका मानिसहरूको दयनीय एवम् कारुणिक जीवन अनि ग्यासचेम्बरमा मारिएका र सामूहिक चितामा पोलिएका यहूदीहरूको त्रासद कथाले आक्रान्त 'म' पात्रले खोरन्डे लिओनार्ड बस्ने खण्डहर जस्तो घरमा एक्लै रात बिताउँदा हिटलर र ईश्वरसम्बन्धी सपना देख्दछ । उसले सपनामा हिटलरले ईश्वरका अगाडि बयान दिइरहेको घटना देख्दछ । ईश्वर आद्यबिम्ब हो र ईश्वरको स्वरूप मानिएकाले कृष्ण पनि आद्यबिम्ब हो । कृष्णसँग सम्बन्धित अनेकौँ मिथकहरू छन् र महाभारतको युद्ध पनि एक हो । त्यस मिथकमा कृष्णको बिम्ब जोडिएर रहेको छ । महाभारत युद्धजस्तो कहालीलाग्दो नरसंहारको घटना रचाउने कृष्ण र विश्वयुद्ध रचाउने हिटलर समान किसिमका देखिन्छन् । त्यसैले हिटलरमा कृष्णको बिम्ब हेरिएको छ ।

गीतामा निष्काम कर्म गरेको बताउने कृष्ण र जीवनपर्यन्त एक लक्ष्यले जर्मन राष्ट्रको उत्थानका लागि क्रियाशील रहने हिटलर दुवै कर्मयोगीका रूपमा देखापर्दछन् । उपन्यासमा डा. सुनिल भट्टाचार्य नामक पात्रले 'म' पात्रसँग हिटरललाई "ऊ कर्मयोगी थियो, गीताको शुद्ध अर्थमा" भन्दछ (कोइराला, २०५०, पृ. १४७) । हिटलरले ईश्वरसँग भनेको छ- "दोषमुक्त निर्मल प्राणी हुँ म । आफ्ना लागि मैले केही पनि गरिनँ- धन, सम्मान, इन्द्रिय-सुख, पत्नी-प्रेम सबैलाई तुच्छ पारेँ- म निस्पृह सन्यासी थिएँ जीवनभरि । म केवल एक लक्ष्यले जर्मन राष्ट्रको उत्थानका लागि एकनिष्ठासँग संलग्न रहेँ" (पृ. १३३) । आफूलाई निष्ठुर भन्दा त्यसका प्रतिवाद गर्दै हिटलरले आफू निष्ठुर नभएको, निष्ठुरता दया जस्तै भावावेग भएकाले आफू ती कुराबाट मुक्त रहेको कुरा व्यक्त गर्दछ । यस आधारमा हिटलर र कृष्ण समान प्रकारका देखिन्छन् ।

महाभारतको युद्ध र द्वितीय विश्वयुद्ध नरसंहार गर्ने एउटै प्रवृत्तिको पुनरावृत्ति हो । हत्या, हिंसा, विध्वंसजस्ता कुराहरू मानवका आदिम प्रवृत्ति हुन् र ती प्रवृत्ति सामूहिक अचेतनका माध्यमले वंशानुगत रूपमा वर्तमानका मान्छेसम्म आइपुगेका छन् । यस आधारमा कृष्ण र हिटलरको प्रवृत्तिमा कुनै भिन्नता देखिँदैन । गीतामा कृष्णले आफूलाई ईश्वरका रूपमा दाबी गरेका छन् र हिटलरले पनि ईश्वरसँग "म ईश्वर थिएँ । हो, तिम्रो दाँजोमा एउटा सानो ईश्वर" भन्छ (पृ. १३५) । उसले नरसंहारलाई निष्कामस्वरूपको स्वकर्तव्य ठानेको छ । प्रस्तुत उपन्यासमा आद्यबिम्ब, सामूहिक अचेतन र स्वप्न अभिव्यक्तिको सन्दर्भ महत्वपूर्ण छ ।

सरूभक्तको *पागल-बस्ती* (२०४८) मा काल्पनिक बस्तीको निर्माण गरिएको छ । त्यहाँ बस्नेहरूलाई अन्यत्रकाले पागल भन्छन् तर ती आत्मानुशासित, बौद्धिक र शिल्पी छन् । अहम्‌वाद उनीहरूको जीवनदर्शन हो र त्यो उनीहरूको चेतनाको आधार पनि हो । प्रशान्त त्यस बस्तीको निर्माता हो र उसलाई त्यहाँ बस्नेहरूले आदिगुरु भनेर सम्बोधन गर्छन् । उसले मार्थालाई त्यस बस्तीका बारेमा भनेको छ- "यो शोषित, पीडित, प्रताडित, अपमानित र उपेक्षितहरूको बस्ती हो" (सरूभक्त, २०४८, पृ. ७४) । प्रशान्तमा साधु गुरुको बिम्ब आरोपित छ । सरूभक्तको अर्को उपन्यास *समय त्रासदी* (२०५८) उपन्यासमा मुख्य घटना र परिस्थिति स्वैरकाल्पनिक प्रकारको छ । पत्नीपीडित सागरले पत्नीको र पतिपीडिता मायाले पतिको हत्या गरेर आफ्ना छोराछोरी साथमा लिएर अनिश्चित दिशातर्फ भाग्दै जाँदा मानवरहित भूमिबाट नयाँ भूमिमा पुग्छन् । त्यस ठाउँलाई मुक्त घृणास्थल वा घृणाको स्वतन्त्रभूमि भनिएको छ । त्यहाँ पशुपक्षीका मासु खान पूर्ण बन्देज लाइएको छ । त्यहाँ कसैलाई पनि पशुपक्षीहरू मार्ने अधिकार छैन । त्यस ठाउँलाई "संवैधानिक रूपले यो नरभक्षीहरूको भूमि हो, अथवा मान्छेको मासु खानेहरूको ठाउँ" (सरूभक्त, २०५८, पृ. ८८) भनिएको छ । त्यो अन्धकारको आद्यबिम्ब हो ।

सञ्जीव उप्रेतीको *घनचक्कर* (सन् २००७) उपन्यासमा 'म' पात्रको सपना प्रस्तुत गरिएको छ । विश्वविद्यालयको नेपाली सांस्कृतिक अध्ययन विभागमा अध्यापन गर्ने प्राध्यापक 'म' पात्र मानसिक रूपमा अस्वस्थ रहेको छ । प्राध्यापन, बोराका बोरा उत्तरपुस्तिका परीक्षण, सेमिनार सञ्चालन, विभागीय बैठक, शोधपत्र प्रतिरक्षा कार्यक्रम, पत्रिकामा स्तम्भ लेखन जस्ता कार्यको अतिशय बोझले उसमा मानसिक समस्या उत्पन्न भएको देखिन्छ । उसका क्रियाकलाप र परिदर्शन अनौठा, स्वप्निल र स्वैरकल्पनात्मक किसिमका छन् । मानसिक विक्षिप्तताका कारण अस्पतालमा भर्ना गरिएको 'म' पात्रले मर्ने इरादाले बोतलमा भएका सबै तेइसओटा औषधीका गोली एकैचोटि निल्छ र बेहोस हुन्छ । त्यसै समयमा उसले अनौठो प्रकारका सपना देख्दछ । उसले जताततै पानी नै पानीले भरिएको, भेलले उपत्यकालाई डुबाउन थालेको, भवनहरू भत्किरहेको, मानिसहरू जलचर, पक्षी र पानीसर्पमा रूपान्तरण भएको, देख्छ । त्यसलाई उसले सर्वविनाशको बाढी भनेको छ । त्यो आद्यस्वरूपीय प्रकारको छ । उसले संयुक्त वाममोर्चाका पुड्का नेता माछामा, संयुक्त प्रजातान्त्रिक समूहका अग्ला दुब्ला नेता पानीसर्पमा, नारायणहिटी राजदरबारको गेटअगाडि पद्मासन कसेको गेरुवा वस्त्रधारी, ठुला डरलाग्दा आँखा भएको जोगी अति विशाल हाँसमा परिवर्तन भएको देख्छ । उसले देखेको सपना अयथार्थ किसिमको भए पनि निरर्थक भने छैन । तिनले प्रतीकात्मक अर्थबोध गराउँछन् ।

होमनाथ सुवेदीको *यमपुरीको महल* (२०६४) विदेश जान चाहेर पनि जान नपाएको तीस वर्षीय युवक प्रेमको सपनामा आधारित छ । एउटा पाकिस्तानीले टुरिस्ट भिसा पठाइदिने आश्वासन दिएको भए पनि अमेरिकाबाट फर्केको एघार वर्ष भइसक्दा पनि टुरिस्ट भिसा नआएको, आफ्नै पैसा देखाएर जान नपाएको, जापान वा अरब कतै पनि भिसा नलागेकाले बेकारको जीवन बाँच्नुपरेको र घरको आर्थिक अवस्था झन्झन् दयनीय बन्दै गएका जस्ता कारणले ऊ निराश बनेको छ । उसमा केही गर्ने उत्साह र जाँगर मरिसकेकाले ऊ म्याग्दी, राखुको आफ्नै घरमा दिउँसै सुतेको बेला 'जे वन' भिसा पाएर अमेरिका पुगेको, ग्रिनकार्ड लिन नपाएको, विभिन्न हण्डर पाएको, अमेरिकामा विभिन्न दुःखसँग सङ्घर्ष गर्दै बहत्तर वर्षको उमेरमा अस्पतालमा मृत्युशैयामा पुगेको सपना देख्दछ । उसका सपनामा अँध्यारो भविष्यको सङ्केत मिल्दछ । त्यो अँध्यारोपन आद्यस्वरूप नै हो ।

दिवास्वप्न निद्राका बेलामा देखिने सपना जस्तै हो । दिवास्वप्नलाई स्वैरकल्पना वा कल्पनातरङ्ग पनि भनिन्छ । फ्रायड (सन् १९८९) का अनुसार कुनै एकदम स्पष्ट कल्पनाजाललाई दिवास्वप्न भनिन्छ र स्वप्न जस्तै दिवास्वप्न वा स्वैरकल्पना पनि साँच्चीकै इच्छाहरूको पूर्ति हो (पृ. ४४०) । लकाँ (सन् २००६) ले स्वैरकल्पनालाई पृथक् ढङ्गमा अर्थ्याएका छन् । उनका अनुसार स्वैरकल्पना व्यक्तिको विकृत कल्पना हो जसमा उसले आनन्दका लागि आफूलाई अन्य ठान्दछ (पृ. ६९९) । काल्पनिक अवस्थाको आदर्श बाबु, बन्ध्याकरणको त्रास आदि स्वैरकल्पना हुन् । आधुनिक नेपाली उपन्यासपरम्परामा स्वैरकल्पनाको प्रयोग गर्ने उपन्यासकारमा ध्रुवचन्द्र गौतमको नाम अग्रपङ्क्तिमा आउँछ । उनका प्रायः सबै उपन्यासमा कमबेसी स्वैरकल्पनाको प्रयोग गरिएको पाइन्छ । उनको *अलिखित* (२०४०) उपन्यासमा बिरहिनपुर बरेवा नामको अनुकल्पित गाउँलाई स्थानगत परिवेशका रूपमा उभ्याइएको छ । शोषण, गरिबी, अशिक्षा, सन्त्रास, बेलाबेलामा आउने महामारी रोग आदिले ग्रस्त तराईको गाउँ बिरहिनपुर बरेवा नेपालको नक्सामा अलिखित छ । त्यो कहीँ पनि छैन, किंवदन्ति भइसकेको छ । उपन्यासको अन्त्यमा दोरहन्तल पोखरा बढ्दै गएर बिरहनपुर बरेवा गाउँलाई समाप्त गरेको र त्यसले उपन्यासका पात्रलाई पनि लखेट्दै गरेको अनि पोखरीले शस्त्रास्त्रले सुसज्जित मानिसहरूको आकृति धारण गरेको कुरा उल्लेख गरिएको छ । यसप्रकारको बाढी र प्रलय आद्यस्वरूप हुन् ।

मनुजबाबु मिश्रको *स्वप्न सम्मेलन* (२०५६) उपन्यास स्वैरकल्पनाको प्रयोगका दृष्टिले उल्लेखनीय छ । किरात राजा यलम्बर, अरनिको, सेक्सपियर, महाकवि लक्ष्मीप्रसाद देवकोटा, अरस्तु, फिडियस आदि व्यक्तिहरूको हर्मिताजमा भेला भइरहन्छ । उनीहरू साहित्य, कला, संस्कृति, सौन्दर्य, दर्शनका बारेमा बहस गर्छन् । यसरी हर्मिताजलाई महान् व्यक्तिहरूको मिलनकेन्द्र बनाएर साहित्य, सङ्गीत, कला, दर्शनको विकास गर्न चाहेको कुरा यस स्वैरकल्पनाद्वारा प्रस्तुत गरिएको छ । यो नायक आद्यबिम्बको खोजी हो ।

उमेश उपाध्यायको *कालान्तरमा फेरि* (२०५८) विज्ञानकथामा आधारित उपन्यास हो । विज्ञान र प्रविधिको चरम विकासको अवस्थाको परिकल्पना गरिएको यस उपन्यासमा सन् १९९४ सालको अप्रिल महिनामा हिउँले पुरिएर मरेको मान्छेको लासलाई सन् २३०५ मा पुनर्जीवित गराउन वैज्ञानिकहरू सफल भएका देखाइएको छ । भाषा अनुवादक यन्त्रको विकास, हाँसो, रिस, घृणा, प्रतिशोधको भावनाविहीन तर मित्रता, सेवा र सहयोगको भावना मात्र भएका मान्छेसँग वार्तालाप गर्ने रोबोटको निर्माण, खानाका रूपमा विशेष जुसको आविष्कार, एकैछिनमा विश्वब्रह्माण्ड चहार्न सकिने यानको विकास, जुनसुकै ठाउँको सुनसुकै कालखण्डको कुरा थाहा पाउन सकिने मस्तिष्कयात्राको आविष्कार जस्ता कुराको परिकल्पना यस उपन्यासमा गरिएको छ । विज्ञान र प्रविधिले गर्न सक्ने कल्पनाको एउटा स्वरूप यस्तो छ :

> यो मानवशरीरलाई स्वाभाविक रूपले बढ्न दिनुको सट्टा असाधारण वृद्धि दिएर छोटो अवधिमा मानसिक र शारीरिक रूपले ठुलो पारिदिने प्रयोगशाला हो । विश्वमा यस्ता ‘सुपर नर्मल ग्रोथ सेन्टर’ हरू छ ओटा छन् । त्यहाँ वैज्ञानिक विधिद्वारा छ महिने शिशुलाई तीन–चार महिनाको अवधिभित्रै दश-बाह्र वर्षको बालक बनाउन सकिन्छ (उपाध्याय, २०५८, पृ. ३९-४०) ।

यस उपन्यासमा मृत व्यक्तिलाई पुनर्जीवित गराउनुमा पुनर्जन्म आद्यबिम्ब परिलक्षित छ । विज्ञानको चरम विकास भए पनि प्रेम र ईर्ष्या जस्ता आदिम प्रवृत्ति मान्छेले त्याग्न सकेको छैन । त्यही ईर्ष्याका कारण विनाश र मृत्यु पनि जोडिएर आएका छन् । उपन्यासको अन्त्य ईर्ष्या र प्रतिशोधको छाया आद्यस्वरूपमा भएको छ ।

स्वैरकल्पनाको प्रयोगका दृष्टिले तेराखको *सर्वजा* (२०६०) उपन्यास उपन्यास उल्लेखनीय छ । यस उपन्यासमा मूल रूपमा सर्वजा र अनेक रूपमा अरू नारीहरू देखापर्दछन् । अनेक पुष्प, वनस्पति र प्रकृतिजगत्का उपजहरू यस उपन्यासमा पात्रवत् रूपमा आएका छन् । ‘म’ मात्र तिनीहरूमा रूपान्तरित हुन्छ र तिनीहरू ‘म’ पात्रमा रूपान्तरित

हुन्छन् । 'म' पात्रकी श्रीमती सुत्केरी हुँदा घरमा सघाउन आएकी सर्वजाप्रति 'म' पात्रको रतिरागजन्य आकर्षण उत्पन्न हुन्छ र त्यसलाई आदर्शको भावले छोप्न खोज्दा ऊ अनेक भावना र कल्पनामा डुब्न थाल्दछ । उसले चराचर जगत्मा सर्वजा व्याप्त भएको देख्दछ । उसमा एउटा अलौकिक शक्तिको प्रवेश हुन जान्छ र ऊ विचित्रको मनोलोकमा विचरण गर्न थाल्दछ । ऊ स्वदेशको यात्रादेखि विश्वका अनेक ठाउँमा यात्रा गर्दछ, उसको अनेक ठाउँमा, अनेक जातिमा, अनेक रूपमा जन्म हुन्छ । त्यसका एउटा उदाहरण :

> सर्वजा शक्तिको बलले सर्वजामय म ग्रेटब्रिटेनको डब्लिनको आकाशमा वायुरूपले घुम्न थालेँ । म पृथ्वीको नजिक नजिक हुँदै जर्ज केयर र लुसिन्डा एलिजाबेथ गर्लीको संयुक्त प्रयासले उनीहरूको सन्तानका रूपमा ई. सं. १८५६ मा जर्ज बर्नार्ड शाका रूपमा अवतरित हुन पुगेँ । (तेराख, २०६०, पृ. ११७)

यस उपन्यासमा स्वैरकल्पना पुनर्जन्मको आद्यस्वरूपमा परिकल्पित छ । पुनर्जन्म सृष्टिको पुनरावृत्ति हो । सृष्टिकर्ता जीवनजगत्मा व्याप्त भएकाले पुनर्जन्म जहिले र जहाँ पनि हुन सक्छ ।

युग पाठकको *उर्गेनको घोडा* (२०६६) राजनीतिक विषयलाई आधार बनाएर लेखिएको उपन्यास हो । यसमा माओवादी जनयुद्ध र त्यस अवधिमा तामाङ जातिको इतिहास, तिनको शक्ति, अवस्था, चेतनाको स्तर, अबका दिनमा गर्नुपर्ने कार्य जस्ता कुरालाई समेटिएको छ । उपन्यासमा तामाङ जातिको वीर पुर्खा उर्गेनको स्मरण गरिएको छ, उसको पुनरागमन खोजिएको छ । उपन्यासमा उर्गेनका बारेमा भनिएको छ :

> उर्गेनको घोडा अघि बढ्दै छ, उसको पछिल्तिर तामाङहरूको सिङ्गो नश्ल लावालस्करमा हिँड्दै छ, उनीहरूका आँखामा हत्या गरिएका आफन्तहरूको रगतको भेल छ, हृदयमा हुण्डरी छ, सम्झनाको गल्छेँडोमा छाडेर हिँड्नुपरेको याम्बुको माटो छ, घरहरू छन्, बारीहरू छन्, याम्बुमा उनीहरूका पुर्खाले बसालेको बस्ती छ, बस्तीका कथाहरू छन्, व्यथाहरू छन्, ... लावालस्करमा सामेल हरेक मान्छेको मस्तिष्कमा झल्याकझुलुक उनीहरूको राज्य, धर्तीको टुक्रा र आफन्तहरू खोस्ने आक्रमणकारीहरूको राक्षसी छवि छ, त्रास छ, अनि सारा उन्नतिका कथाहरू छाडेर हिँड्नुपरेका पीडा छ । (पाठक, २०६६, पृ. २२२-२२३)

यस कथनमा इतिहासको सन्दर्भद्वारा क्रान्तिको चेतना जागृत गराउने ध्येय राखिएको छ । उर्गेनको छवि नायक आद्यबिम्बसँग जोडिएको छ । उसको पदचाप आभासित भइरहनु नायकको पुनर्जन्मको चाहना हो ।

टंक चौलागाईंको *जिरो कटेज* (२०६८) विज्ञान कथामा आधारित स्वैरकाल्पनिक उपन्यास हो । यसमा विज्ञान र प्रविधिको चरम विकास भएको देखाइएको छ । सबै कुरा कम्प्युटर र इन्टरनेटका माध्यमबाट सम्भव भएका छन् । यसमा मान्छे र यन्त्रमानव छुट्याउन नसकिने अवस्था भएको छ । मरिसकेका मान्छेलाई पनि पुनर्जीवित गरी काममा लगाइएको छ भने जिउँदा मान्छे कम्प्युटर जस्ता लाग्छन् र ती कम्प्युटर प्रणालीबाट सञ्चालित हुन्छन् । पात्रका नामकरण पनि कम्प्युटर उपकरणका आधारमा राखिएको छ । त्यसैगरी भाइरस पनि मान्छेका रूपमा देखापर्दछन् । संसारका हरेक कुरा कम्प्युटरको विद्युतीय पर्दामा हेर्न सकिन्छ, मात्र तिनलाई छुन सकिँदैन । कम्प्युटर प्रणालीको मुख्य शत्रु भनेको भाइरस हो । अन्ततः जिरो कटेजलाई भाइरसले ध्वस्त बनाइदिएको छ । साइबरीय कल्पनाको एउटा उदाहरण यस्तो छ :

> त्यही आतङ्कवादी सङ्गठनले मलाई तिमीहरूको साथी बनाएर यहाँ पठाएको हो । डम्मरेको आत्मा हाम्रो कब्जामा छ । शरीर, डिक्स डिन भएर बसेको छ । म यहाँ डिक्स डिन भएर बस्दा कसैले पत्ता लगाउन सकेन । तिमीहरूको जिरो कटेजले पनि पत्ता लगाउन सकेन । ... अबको केही समयपछि जिरो कटेज ध्वस्त हुन्छ । (चौलागाईं, २०६८, पृ. १६७)

कुमार नगरकोटीको *मिस्टिका* (२०७२) उपन्यास स्वैरकल्पनाको खुला क्रीडास्थल हो । यसमा वास्तविकता र स्वैरकल्पना मिसिएर आएका छन् । ठाउँ ठाउँमा रहस्य, विलक्षणता र काल्पनिकता व्याप्त देखापर्दछ । उपन्यासमा ‘कुण्डलिनी कुहिरो,’ ‘ब्ल्याक फ्यान्टासी,’ ‘गर्भ-गृह, अग्निसमाधि र डेड एन्ड’ जस्ता शीर्षक भएका परिच्छेद छन् । उपन्यासको टुङ्ग्याउनी खण्ड पुरै स्वैरकाल्पनिक छ । यी स्वैरकल्पनामा जीवनको निश्चितता पाइँदैन । ती जीवनको अस्तित्व खोज्नका लागि आएका पनि होइनन् । तर तिनले जीवनको विनाशलाई पनि सङ्केत गरेका छैनन् । बरु तिनले जीवनजगत्को आदिम रहस्यलाई बुझाएका छन् ।

**नारीपन र पुरुषपन**

नारी र पुरुष लिङ्गका आधारमा देखिने भिन्नता हो । तर नारीमा अन्तर्निहित पुरुषत्व र पुरुषमा अन्तर्निहित नारीत्व मनोवैज्ञानिक पक्ष हो । नारीवादीहरूले प्रयोग गर्ने शब्दहरूमध्ये नारीवादले राजनीतिक दृष्टिकोण, नारीले जीवविज्ञानको कुरा र नारीत्वले सांस्कृतिक रूपमा निर्धारित गरिएको विशेषताहरूको ढाँचा भन्ने बुझाउँछन् (मोइ, सन् १९८६, पृ. २०४) । सिमोन द बुआ जैविक, मनोवैज्ञानिक वा आर्थिक पक्षले मानव नारीलाई निर्धारण गर्छन् भन्ने कुरा स्वीकार गर्दिनन् । उनका विचारमा महिला नारी हो भन्ने कुरा महिलाको सोचको परिणाम हो । महिलाका रूपमा कोही जन्मिदैन, तर महिला बन्दछन् (बुआ, सन् १९५३, पृ. २७३) । नेपाली उपन्यासपरम्परामा आधुनिक कालको उठानबिन्दुदेखि नै नारीलाई केन्द्र बनाएर उपन्यास लेखिन थालेको देखिन्छ । रुद्रराज पाण्डेको *रूपमती* (१९९१) नारीकेन्द्री उपन्यास हो । नारीमा विद्यमान 'एनिमस' का दृष्टिले पद्मावती सिंहको *समानान्तर आकाश* (२०६२) उपन्यास उल्लेखनीय छ । यसमा नारीको स्वतन्त्रता, श्रेष्ठता र महत्ताको अभिव्यक्ति तीव्र छ । यसमा पुरुष र नारीबिचको द्विचर विरोधको मान्यताप्रति असहमति प्रकट गर्दै पुरुषको महान्तालाई देखाउनका लागि त्यसको तुलनीय नारी हीन कोटीको प्राणी नभएर, त्यो द्वितीयक वर्गको मनुष्य पनि नभएर नारिपुरुष समान हुन् भन्ने विचार यस उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासको आरम्भतिरै भनिएको छ :

> हामी महिलाहरूले सामाजिक संरचनामा रहेका यथास्थितिको विरोध गर्न सक्नुपर्छ । पुरुषद्वारा महिलाहरूप्रति गरिने दुर्व्यवहार, महिलालाई भोगविलासको साधनका रूपमा हेरिने पुरुष मानसिकता, महिला र पुरुषबिच विद्यमान परम्परागत मूल्य र मान्यतालाई तोड्न सक्नुपर्छ । त्यसका लागि महिलाहरू स्वयम् अघि बढी यी सबका विरुद्ध हक र अधिकारका लागि लड्नुपर्छ । (सिंह, २०६७, पृ. ६)

यस उपन्यासमा नारीलाई हेय ठान्ने, मनोरञ्जनको खेलौना मात्र ठान्ने, नारीको भावनालाई कदर गर्न नगर्ने अनि स्वतन्त्रता नदिने पुरुषप्रति नारीहरूले विद्रोहको अभिव्यक्ति छ । नेपाली समाजमा नारीहरू काममा जोतिइरहने र पुरुषहरू भने कोही तास खेल्ने, कोही रक्सी खानमा व्यस्त हुने परिपाटी रहेको छ । त्यसले नारी र पुरुषका बिचमा असमानताको खाडल सिर्जना भएको छ । त्यसका लागि सामाजिक संरचना भत्काउनु आवश्यक छ भन्ने धारणा राख्ने यस उपन्यासका नारीहरू हरेक दृष्टिले पुरुषहरूभन्दा सशक्त देखापर्छन् ।

कृष्ण धरावासीको *राधा* (२०६३) मा राधामा पुरुषपन र कृष्णमा नारीपन देखापर्दछ । राधा नारी अस्मिताप्रति सचेत छे र ऊ आफूलाई कृष्णभन्दा श्रेष्ठ देखिन्छे । राधा कृष्णप्रति प्रणयासक्त बनेकी छ र कृष्ण सबै युवतीहरूका आकर्षणको केन्द्रबिन्दु भए पनि कृष्णले राधालाई विशेष प्रेम गर्ने भएकाले उनलाई त्यसमा अभिमान पनि छ । कृष्णको प्रेम पाउन राधा र सुशिलामा परस्पर ईर्ष्याको भावना पनि छ । कृष्णले रास लीला रचाएको रात्रीमा कृष्णले राधालाई एकान्तमा लिएर गएपछि सुशिलाले ईर्ष्यावश त्यो कुरा बाबुलाई सुनाइदिन्छे । कृष्णले आफूलाई नभएर राधालाई प्रेम गर्ने बुझेपछि सुशिलाले आफूले गरेको विगतको गल्तीप्रति राधासँग क्षमा माग्दछे । आफ्नो गल्तीको प्रायश्चित्तस्वरूप पछि ऊ कृष्णको छापामारसेनामा भर्ती हुन्छे र कंसका सेनासँग युद्ध गर्दा वीरगति प्राप्त गर्दछे । राधा र कृष्णका बीच

प्रगाढ प्रेम हुनुमा उनीहरूको अचेतनमा निहित पुरुषपन र नारीपनको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । राधामा पुरुषोचित कठोरता, धैर्य, आँट, साहस, हठधर्मिता पाइन्छ । ऊ कृष्णको वियोगमा व्यथित भए पनि विचलित हुँदिन । उसले बाबुलाई "बाबा ! हजुरले कुनै पीर लिनु पर्दैन । म हजुरले गर्ने सबै कामहरू गर्दछु ।" (धरावासी, २०६३, पृ. १००) भन्दछे र वृषभानु पदको कार्य आफै सह्याल्छे । उसको अचेतनले वृषभानुको राजकीय नकाब धारण गर्दछ र उसको व्यक्तित्व पनि त्यही किसिमको देखापर्दछ । ऊ आफै मथुरा पुगेर बौद्धिक र तार्किक अभिव्यक्तिबाट कंसलाई प्रभावित गरी व्रज र वृषभानु पदको रक्षा गर्न सक्षम हुन्छे । उसले कंससँग "महाराज शासनमा छोरा र छोरीको कुनै भेद छैन । छोरी पनि छोराबराबर साहसी, सचेत र कर्तव्यनिष्ठ छ । म पनि त्यसैको उदाहरण हुँ महाराज ।" (पृ. १०४) भन्दछे । ऊ प्रेममा लत्रक्क परेर आफै कृष्णलाई भेट्न पनि जाँदिन । कृष्णको विवाहको खबर सुन्दा पनि ऊ त्यति बिघ्न दुःखी हुँदिन । उसको पुरुषपन कृष्णको नारीपनप्रति आकर्षित हुन्छ । त्यही भएर उसले अरू पुरुषको वास्ता नै गर्दिन । ऊ कृष्णले वीरोचित कार्य गर्दा कृष्णप्रति विकर्षित र भीरुता प्रकट गर्दा आकर्षित भएकी देखिन्छे । कृष्णमा नारीसुलभ कमनीयता, भावुकता, कोमलता पाइन्छ । रास लीलाको घटनाले बदनाम भएपछि ऊ राधालाई लुकीलुकी भेट्छ । नारीको भेष धारण गरेर आएको कृष्णलाई राधाले "मैले त तिमी एक पुरुषसँग प्रेम गरेकी । मलाई एउटा हक्की, निडर, साहसी कृष्णप्रति पो आसक्ति छ । तिमी नारीरूपा, स्त्रीस्वभाव, भेषधारकप्रति मलाई रुचि छैन कृष्ण । ...सधैँ यो आइमाईको भेषमा अनुहार छोपेर चोरजस्तो दरबारमा छिरी स्त्री शृङ्गारयुक्त भई मेरा सामु नआऊ" (पृ. ३७) भन्दछे । वास्तवमा राधालाई कृष्णको नारीपन मन नपरेको होइन, कृष्णको लाछीपन मन नपरेको हो । राधालाई धोका दिएर अनेकौँ पत्नी बिहे गरेको कृष्ण राधाका अगाडि अपराधीजस्तो देखापर्दछ । बिहे गरेको प्रथम रात्रीमा रुक्मिणीलाई एक्लै छोडेर भोलिपल्ट बिहान थकित, गलित, रातभरि नसुतेको जस्तो कृष्णको वर्णन गर्दै रुक्मिणीले भनेकी छ- "तिनी मेरो काखमा घोप्टो परेर रुन थाले । मैले तिनको शरीर मुसारिरहेँ । सानो बालकजस्तो धेरैबेरसम्म सुँकसुँकाइरहे" (पृ. २१०) । एकपछि अर्को गर्दै सोह्र हजार एक सय आठवटी पत्नी बिहे गरे पनि कृष्ण अझै तृप्त नहुनु र राधालाई खोज्दै भौँतारिनु, राधाको अभावबोध गरेर बिथोलिइरहनु उसको नारीपनकै कारणले हो । उसले जति बिहे गरे पनि उसको नारीपनले तिनीहरूमा पुरुषपन पाउन नसक्ने हुँदा उसको अचेतनको इच्छाले तृप्ति पाउन सक्तैन । उसको अचेतनले चाहेको पुरुषपन त राधामा मात्र पाउन सकिन्छ । त्यसैले उसको अचेतनले हरदम राधाको खोजी गरिरहन्छ ।

शारदा शर्माको *ताप* (२०६९) उपन्यासमा पुरुषहरूसँगको सम्बन्धमा विभिन्न प्रकारको चोट पाएर रन्थनिए पनि आफूलाई समाल्न सक्षम भएका नारीहरूको कथा छ । मनिषा गौचनको *वल्लीको डायरी* (२०६९) उपन्यासमा नारीलाई पुरुषले बिहे नाममा घर रुँग्ने र सासूको सेवा गर्ने, यौनक्षुधा पूर्ति गर्ने माध्यमका रूपमा मात्र प्रयोग गर्ने प्रवृत्तिप्रति विरोध प्रकट गरिएको छ । त्यसबाट एनिमस प्रवृत्ति बुझ्न सकिन्छ ।

**स्वको पहिचान**

व्यक्ति परिवार र समाजमा रहँदा उसको अन्य व्यक्तिरूसँग सम्बन्ध हुन्छ । त्यही सम्बन्धका आधारमा व्यक्तिले अरू र आफूलाई चिन्दछ । व्यक्तिले आफ्नो पहिचान अन्य व्यक्तिका माध्यमबाट गर्छ, तर उसले आफ्नो व्यक्तित्वको पहिचान आफैँ गर्न पनि सक्छ । यस दृष्टिले विजय मल्लको *कुमारी शोभा* (२०३९) उपन्यास उल्लेखनीय छ । सानैमा कुमारीका रूपमा रहेकी र कुमारी जिउँदो देवीको रूप हो भन्ने समाजको मान्यताअनुरूप शोभाले आफूलाई साँच्चिकै देवीका रूपमा देख्न थाल्दछे र देवीको जस्तो व्यवहार देखाउँछे । यो स्वको आद्यबिम्ब हो । गोविन्दबहादुर मल्ल 'गोठाले' को *अपर्णा* (२०५३) मा पनि अपर्णाले समाजको मूल्यमान्यताका आधारमा आफूलाई हेरेकी छ र उसलाई आफू बलात्कृत हुनुलाई बिटुलिएको, कलुषित भएको भन्ने लागेको छ । समाजले जहिलेसुकै नैतिकता, सच्चरित्रता, आदर्श र मर्यादा चाहन्छ र अपर्णाले आफूलाई त्यसै आधारमा हेरेकी छ ।

नेपाली उपन्यासपरम्परामा अलैङ्गिक एवम् परिवर्तित लिङ्गीको विषयलाई आधार बनाएर सर्वप्रथम लेखिएको उपन्यास नयनराज पाण्डेको *अतिरिक्त* (२०५०) हो । यसमा अलिङ्गी पात्र पहिला पुरुषका रूपमा चिनिदै आएको हुन्छ । शल्यक्रियाद्वारा लिङ्ग परिवर्तन भएपछि ऊ स्त्रीलिङ्गी बन्छ । अलिङ्गी भए पनि पहिला उसको पहिचान पुरुषका रूपमा थियो । उसमा त्यसप्रकारको व्यक्तित्व आरोपित थियो । लिङ्ग परिवर्तनपछि उसलाई नारीका रूपमा चिनिन कठिन लागेको कुरा उसले व्यक्त गरेको छ । उसको पुरुषपनले आफ्नो नारीस्वरूप स्वीकार गर्न सक्दैन ।

रोशन थापा 'नीरव' को *प्रत्येक श्रवणकुमार अर्थात् युद्ध* (२०६४) उपन्यासमा आत्मप्रक्षेपण र त्यसको परावर्तित बिम्बका आधारमा आफ्नो व्यक्तित्वको पहिचान गरिएको छ । यस उपन्यासमा पात्र उपन्यासकार आकाशको प्रतिबिम्बित अहम्का रूपमा उसको पात्र श्रवणकुमारलाई हेरिएको छ । ती दुवै प्रकारका पात्रमा वास्तविक उपन्यासकारको स्व प्रतिबिम्बित भएको छ । उनको *प्रस्थान्तर* (२०६५) मा पनि लेखकीय स्व पर्याप्त मात्रामा प्रतिबिम्बित छ । बुद्धिसागरको *कर्नाली ब्लुज* (२०६७) मा 'म' पात्रले आफूलाई विगत जीवनको स्मृतिका आधारमा हेरेको छ । उसले आफ्नो बाल्यकालदेखि युवा अवस्थामा पदार्पणसम्मको आफ्नो व्यक्तित्व केलाएको छ । यसलाई स्वको आद्यबिम्ब भन्न सकिन्छ ।

नेपाली उपन्यासमा सन्दिग्धहरूको स्वको पहिचान मनोवैज्ञानिक दृष्टिले उल्लेखनीय छ । नारी समलिङ्गी, पुरुष समलिङ्गी, द्विलैङ्गी, परिवर्तित लिङ्गी, अन्तर्लिङ्गी एवम् अलिङ्गीलाई एउटै छाताभित्र समेट्ने सिद्धान्तलाई सन्दिग्ध सिद्धान्त (क्विअर थिअरी) भनिन्छ । पाश्चात्य चिन्तनमा सन् १९९० को दशकमा ग्लोरिया आन्जलदुआ तथा अन्य विद्वान्हरूद्वारा यसको आरम्भ भएको हो । यसको विकासमा इभ कोसोभ्स्की सेज्विक, मिसेल वार्नर, जुडिथ बटलर आदिको योगदान रहेको छ । उनीहरू समलिङ्गी र विषमलिङ्गी भन्ने परम्परागत मान्यतालाई अस्वीकार गर्छन् । यौनिकता यौनिक विषय र शरीरसँग जोडिएको कुरा मात्र नभएर मनसँग पनि जोडिएको कुरा हो । यसले सन्दिग्धहरूका पहिचान र अधिकारका कुरालाई उठाउँछ । पहिचान भनेको अन्यसँग वा अन्यविरुद्ध परिचयको प्रभाव हो । पहिचान स्वत्व नभएर प्रक्रिया हो जुन सधैँ अपूर्ण हुन्छ (जगोस, सन् १९९६, पृ. ७९) । वास्तवमा पहिचान भनेको काल्पनिक निर्माण हो, व्यक्तिको स्थान हो । समलैङ्गिक अनुराग वा सम्बन्ध विपरीत लिङ्गीका बिच हुने सम्बन्धभन्दा पृथक् यौनिक व्यवहार हो । त्यसलाई सकारात्मक ठानेर समर्थन गर्ने सिद्धान्त सन् १९९० को दशकदेखि मात्र देखापरेको हो ।

मोहनराज शर्माको *सलिजो* (२०६६६) समलिङ्गी विवाहलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । उपन्यास ज्वाला र रूपा नामका नारी समलिङ्गी जोडीको केन्द्रित छ । उपन्यासको शीर्षक 'समलिङ्गी जोडी' भन्ने पदावलीको सङ्क्षिप्त रूपका आधारमा 'सलिजो' राखिएको छ । ज्वाला र रूपा एकअर्कालाई माला पहिऱ्याएर विवाह गर्छन् । ज्वाला पति र रूपा पत्नीका रूपमा भएकाले उनीहरूले आफ्नो पहिचान पुरुष र नारीका रूपमा प्रस्तुत गरेका छन् :

> ज्वालाको कपाल छोटोछोटो छ, केटा कट ।
> रूपाको कपाल गर्धनभरि छरिएको छ, थाइ कट ।
> ज्वालाको आँखा रित्तो छ, ओठ सादा छ, कान बुच्चो छ र घाँटी खाली छ ।
> रूपाको आँखामा गाजल छ, ओठमा लाली छ, कानमा झुम्का छ र घाँटीमा सुनको सिक्री छ ।
> ज्वाला कोट र प्यान्टमा ठाँटिएकी छ, दुलहाझैँ ।
> रूपा टिमिक्क कसिएको टल्किने रातो कुर्तासुरुवालमा सजिएकी छ, दुलहीझैँ ।
> ज्वाला सधैँ केटाको रूप र पहिरनमा रहने केटी हो ।
> रूपा सधैँ केटीको रूप र पहिरनमा रहने केटी हो । (शर्मा, २०६६, पृ. ४४)

उपर्युक्त कथनबाट ज्वालामा पुरुषसुलभ गुण र रूपामा नारीसुलभ गुण देखापर्दछ । उनीहरूका आचरण र व्यवहार पनि नारी र पुरुषका जस्ता भिन्न भिन्न छन् । वेशभूषाबाट प्रकट हुने पहिचान प्रतीकात्मक पहिचान हो, त्यसमा यथार्थता छैन

। वेशभूषाले लिङ्गको निर्धारण गर्दैन, त्यो स्थायी पहिचान पनि होइन, तर पनि उनीहरूले त्यसो गरेका छन् । त्यो पहिचानको प्रक्रिया मात्र हो ।

जया ओझाको *आवरण* (२०७३) मा द्विलिङ्गी अर्थात् नारी र पुरुष दुवै यौनचिह्न भएको व्यक्तिको अन्तर्कथा प्रस्तुत गरिएको छ । पुरुषका रूपमा चिनाइए पनि उसलाई नारीका रूपमा चिनिन मन लाग्छ । त्यो उसको आफ्नो व्यक्तित्वको पहिचान हो ।

**युद्धको आदिम बिम्ब**

युद्ध मानिसले नचाहने भए पनि उसको सामूहिक अचेतनमा युद्ध गर्ने प्रवृत्ति आदिम कालदेखि विद्यमान छ । सहअस्तित्वका आधारमा मिलेर बस्नु आधुनिक सभ्यता हो भने युद्ध, आक्रमण, बलप्रयोग आदिम प्रवृत्ति हुन् । उत्तरवर्ती नेपाली उपन्यासमा नेपालको दश वर्षे सशस्त्र द्वन्द्व र विश्वयुद्धका घटनाको चित्रण पाइन्छ । त्यसप्रकारका उपन्यासहरूमध्ये नारायण वाग्लेका *पल्पसा क्याफे* (सन् २००५), *मयूर टाइम्स* (सन् २०१०), गोविन्दराज भट्टराईको *सुकरातका पाइला* (२०६३), राजेन्द्र पराजुलीको *अनायिका* (२०६३), युग पाठकको *उर्गेनको घोडा* (२०६६), पुण्य खरेलको *त्रिवेणी आमा* (२०६६), शारदा शर्माको *ताप* (२०६९) मा माओवादीको दश वर्षे युद्ध र गणेश राईको *युद्ध एम्बुसमा राइफलको सङ्गीत* (२०६६), दलबहादुर पुन मगरको *दोस्रो विश्वयुद्धको पीडा* (२०६६), उमा सुवेदीको *तोदा* (२०७०) उपन्यासमा विश्वयुद्धको चित्रण गरिएको छ ।

माओवादी दश वर्षे युद्धमा सरकारी पक्ष र विद्रोही पक्ष दुवैबाट नागरिकहरू सन्त्रस्त हुनुपरेको परिस्थितिलाई *ताप* उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> त्यतिखेर सरकारले माओवादीसँग वार्ता सुरु गरेको थियो । गोदावरीमा सुरु भएको त्यो वार्ता बिचमै भङ्ग भयो । लगत्तै सरकार माओवादीका प्रति निकै कडा हुन पुग्यो । वार्ता भङ्ग भएको एक महिना पनि नपुग्दै माओवादीले घोराही सैनिक ब्यारेकमा हमला गऱ्यो । सेनामाथि पहिलो आक्रमण थियो त्यो माओवादीको । प्रधानमन्त्रीले तीन महिनाका लागि सङ्कटकाल लगाए र सेना परिचालन गरे । ब्यारेकमै आक्रमण भएको हुँदा त्यतिखेर शाहीसेना पागल भएको थियो । (शर्मा, २०६९, पृ. १२४)

*युद्ध एम्बुसमा राइफलको सङ्गीत* र *दोस्रो विश्वयुद्धको पीडा* उपन्यासमा दोस्रो विश्वयुद्धले उत्पन्न गरेको सन्त्रासलाई मूल विषयवस्तु बनाइएको छ । यी उपन्यासमा युद्धमा होमिदा झेल्नुपरेको अवस्थाको चित्रण छ । *तोदा* उपन्यासमा हिटलरको नरसंहारले यहुदीहरूले झेल्नुपरेको अभिघात प्रस्तुत गरिएको छ । यसबारे उपन्यासको आरम्भमै भनिएको छ :

> हिटलर र उसलाई स्कर्टिङ गरिरहेका नाजी सेनाका गाडीहरू पार्कछेउ रोकिएका थिए । पार्कभरि बख्तरबन्द गाडीहरू उभिएका थिए । हाम्रो घरको पूर्वी झ्यालबाट त्यो पार्क स्पष्ट देखिन्थ्यो । त्यसैले घरको झ्यालबाटै हिटलरलाई चिनिहाले बेन्जामिनले । मैले पनि चिनेँ । मैले जीवनमा पहिलिपल्ट हिटलरलाई देखेकी थिएँ । मेरो मुटु रूखको पातझैँ हल्लियो । (सुवेदी, २०७०, पृ. २)

यो हिटलरको यहुदी जातिविनाशको त्रासले उत्पन्न गरेको अभिघात हो ।

**जातीय नायकत्वको खोजी**

जातीयता कुनै निश्चित भाषा र संस्कृति, इतिहाससँग सम्बन्धित हुन्छ । जातीय अवधारणा राजनीतिक आन्दोलनसँग सम्बन्धित छ । नश्ल र जातका आधारमा समाज र राज्यका तर्फबाट हेपिएको, अधिकारबाट वञ्चित

गरिएको, सीमान्तकृत गरिएको भन्दै पहिचान र अधिकारका लागि भएका आन्दोलन र तत्सम्बन्धी विचारबाट जातीय सिद्धान्त बनेको छ । फ्रान्केनबर्गका अनुसार जातीय पहिचान निर्मित हुन्, जन्मसिद्ध होइनन्, जात भनेको संस्कृतिको कार्य हो, यो प्रकृतिको विरोधी हुन्छ, यो जैविक प्रकार होइन (सेडिङ्गर, सन् २००२, पृ. ४५) । जातीय सिद्धान्तको मुख्य पक्ष पहिचानको अध्ययन हो । नेपाली उपन्यासमा जातीयता शासक र शासित जातिबिचको सम्बन्धलाई लिइएको र नश्ल र जातका आधारमा स्थापित नायकत्वलाई अस्वीकार गर्दै आफ्नो जातिको नायकत्वको खोजी गरिएको पाइन्छ ।

उत्तरवर्ती चरणमा विभिन्न जातिका नायकत्व खोजिएको छ । रमेश विकलको *अविरल बग्दछ इन्द्रावती* (२०४०) मा माझी, दौलतविक्रम विष्टको *हिमाल र मान्छे* (२०४५) मा शेर्पा, हिरण्य भोजपुरेको *छिटेन* (२०५४) मा गुरुङ, कृष्णराज सर्वहारीको *गन्तव्य* (२०५९) मा थारू, देश सुब्बाको *आदिवासी* (२०६४) मा लिम्बु, युग पाठकको *उर्गेनको घोडा* (२०६६) मा *तामाङ*, राजन मुकारुङका *हेत्छाकुप्पा* (२०६५) र *दमिनी भीर* (२०६९) उपन्यासमा राई जातिका पहिचान र प्रतिनिधित्वलाई अघि सारिएको छ । चेतनाथ आचार्यको *रुइबा* (२०७८) मा तामाङ संस्कृति प्रस्तुत गरिएको छ । *हेत्छाकुप्पा* उपन्यासमा जातीय पहिचान, समानता र स्वतन्त्रताको मुद्दालाई सशक्त रूपमा उठाइएको छ । सत्तामा रहेका जाति अर्थात् अन्यप्रति सत्ताको वृत्तभन्दा बाहिर पारिएका जनजातिको आत्मदाबी यस उपन्यासको मूल विषय हो । नेपाली समाजमा जातीय भेदभाव कायम छ । अधिकार, शक्ति र सत्ता कुनै जातिको नियन्त्रणमा छ भने अरू जाति पाखा लगाइएका छन् । आर्थिक रूपमा मात्र नभएर चेतनाका दृष्टिले पनि धेरै जातिहरूलाई पछि पारिएको कुरालाई यसमा प्रस्तुत गरिएको छ । उपन्यास यसरी बोल्छ :

> दिल्ली सम्झौता गरेर जहानिया राणाहरूलाई जोगाउने काँग्रेसी बाहुनवादविरुद्ध विद्रोह गर्ने रामप्रसाद राई, शाही निर्दलीय पञ्चायती सामन्तवादविरुद्धका रत्नकुमार बान्तवा, ती दुवै नेताहरू राज्यको षड्यन्त्रकै कारण मारिए भन्ने साङ्गेनको ठहर थियो । त्यसरी नै यलम्बरकै सन्तानहरू आज आफ्नै भापा, लिपि, संस्कृति आदिबाट बेखबर थिए । कठै ! ती आदिवासी किरातीहरू आज एक्काइसौँ शताब्दीको जगमाथि उभिँदा पनि सामन्त राजाकै प्रजा भएर एउटै भाषा र एउटै भेषको तितो नाराले किंकर्तव्यविमूढ र नाजवाफी थिए । (मुकारुङ, २०६५, पृ. ४०)

यस उपन्यासमा सत्ताधारी जातिसँग विद्रोह र किनाराकृत जातिको हस्तक्षेपको भावना अभिव्यक्त छ । त्यही मनोविज्ञान *दमिनी भीर* उपन्यासमा पनि पाइन्छ । यसमा सङ्क्रमणकालीन समाजको यथार्थ र मनोविज्ञान प्रस्तुत गरिएको छ । यो मुन्दुमी आस्था भएकाहरूको समाज हो अर्थात् किराती समाज हो । यस उपन्यासमा राज्यसत्ताबाट सिमान्तीकृत गरिएको जातिहरूले भोगेका कथाव्यथा प्रस्तुत गरिएको छ ।

युग पाठकको *उर्गेनको घोडा* (२०६६) उपन्यासमा तामाङ जातिको नायकत्व स्थापनाका लागि चिन्तन प्रस्तुत गरिएको छ । काठमाडौँ पहिले तामाङ जातिकै राज्य भएको र अन्य जातिले उनीहरूले पाखा लगाएको कुराको स्मरण गराउँदै आफ्नो भूमि फर्काउन र तामाङ जातिलाई सचेत गराउने उद्देश्यले यो उपन्यास लेखिएको छ । उपन्यासमा बारम्बार तामाङ जातिलाई क्रान्ति गरेर आफ्नो स्वाभिमान फर्काउन क्रान्तिको अपरिहार्यतामाथि जोड दिइएको छ । उपन्यासमा रुप्चनले भन्छ– “खोज् भाते खोज् । पुर्खाको इतिहास खोज् । तेरो भोटे जाति सधैँ पिछडिएको पक्कै थिएन, नत्र यस्तो कलाकार कसरी जन्मन्थ्यो ? तिमेरू पिछडिएको कारण खोज् । तेरो जातिको पुरानो सभ्यता खोज् । खोजेर मात्र हिरा पाइन्छ, भाते” (पाठक, २०६६, पृ. ६४) । जातीय अन्यपनलाई यस उपन्यासमा प्रबल रूपमा प्रस्तुत गरिएको छ ।

**मातृभूमिको आमा बिम्ब**

कुनै एउटा मुलुकबाट अर्को मुलुकमा गएर बसोबास गरे पनि तिनीहरूले आफ्नो मातृभूमिलाई बिर्सन सकेका हुँदैनन् । आप्रवासीहरू पराइ मुलुकमा रहेर, त्यहीँको नीतिनियम अपनाएर पनि आफ्नो मातृभूमि र आफ्नो संस्कृतिप्रति

उनीहरूको माया उत्तिकै हुन्छ । त्यसैले उनीहरूका लागि मातृभूमि एउटा स्वैरकल्पना बन्दछ, एउटा झलक वा दृश्यविधान बन्दछ । मातृभूमि आमा स्थानिक हो । अवताह ब्राह र रबिन कोहेनले आप्रवासीका सन्दर्भमा 'गृह' शब्दलाई फ्रायडीय स्वप्न प्रतीकात्मक रूपमा अर्थ्याएका छन्, जुन इच्छा र लालसाको स्थान हो । ब्राहका अनुसार डायस्पोरिक कल्पनामा 'गृह' इच्छाको त्यस्तो मिथकीय स्थान हो जहाँ फर्कन पाइएको छैन (नायर, सन् २०१०, पृ. १८०) । आप्रवासीले भोग्ने समस्या पराइपनको समस्या नै हो । अङ्ग्रेजी भाषामा 'मदर' र 'अदर' द्विचर विरोध हुन् । आप्रवासीका लागि आश्रय दिने मुलुक अर्का हो र आफ्नो पुर्ख्यौली देश मातृभूमि हो, आमाको आद्यस्वरूप हो । त्यसैले आप्रवासीहरू मातृभूमिको आमा बिम्बप्रति लालायित भइरहन्छन् ।

आप्रवासी विषयवस्तुमा आधारित भएर नेपाली उपन्यास लेखिएका छन् । यस दृष्टिले होमनाथ सुवेदीका *यमपुरीको महल* (२०६४), राजवका *एटलान्टिक स्ट्रिट* (२०६५) र *मोटेल अमेरिका* (२०६७), मनिषा गौचनको *वल्लीको डायरी* (२०६९), उमा सुवेदीको *तोदा* (२०७०) उल्लेखनीय छन् । *यमपुरीको महल* उपन्यासमा तीस वर्षीय युवक भिसा पाएर अमेरिका पुगेको, ग्रिनकार्ड लिन नपाएको, विभिन्न हण्डर पाएको, काम गरी कमाएको पैसा घर बनाउन नेपाल पठाउने गरेको तर घर कहिल्यै पूरा हुन नसकेको, सधैँ निर्वासित भावनाले ग्रस्त रहने गरेको, अमेरिकामा विभिन्न दुःखसँग सङ्घर्ष गर्दै बहत्तर वर्षको उमेरमा अस्पतालमा मृत्युशैयामा पुगेको सपना देख्दछ । *एटलान्टिक स्ट्रिट* उपन्यासमा राम्रो रोजगारीको लालसाले परिवारसहित नेपालबाट अमेरिकाको म्यासाचुसेट सहरको एटलान्टिक स्ट्रिटमा बसोबास गरेको नेपालीको कथा छ । अमेरिकामा बेरोजगारीको समस्या, काम पाएर पनि काम गाह्रो र पैसा थोरै, रोजगारदाताको हैकम, अमेरिकाका तल्लो स्तरका व्यक्तिले पनि हेप्ने, स्वाभिमान र अस्तित्वको सङ्कट जस्ता कुरालाई यस उपन्यासमा देखाइएको छ । यो उपन्यास पराइपनका दृष्टिले उल्लेखनीय छ । *मोटेल अमेरिका* उपन्यासमा अमेरिका पुगेको युवाको बेरोजगारी समस्यालाई यथार्थ ढङ्गमा चित्रण गरिएको छ । दिनभरि कामको खोजीमा भौँतारिनु, काम नपाइनु, गार्डेनमा गएर दिन बिताउनु, साथीको कोठामा शरणार्थी भएर बस्नु, साथीले ल्याइदिएको खाना खाएर जीवन धान्नु र मुस्किलले पाएको जागिरमा दिनरात खटिए पनि उचित तलब नपाउने जस्ता समस्या यस उपन्यासमा देखाइएको छ । अमेरिका जान लिएको ऋण तिर्नका लागि पैसा पठाउन नेपालबाट बाबुले फोन गरिरहने र आफूसँग खाने पैसा नभएको परिस्थिति पनि उपन्यासमा प्रस्तुत गरिएको छ । *वल्लीको डायरी* उपन्यासमा अमेरिकामा रहने नेपालीको अवस्था र बाँच्नका लागि गरिने तुच्छ स्तरको काम गर्न बाध्य नेपालीको समस्या प्रस्तुत गरिएको छ । *तोदा* कामको खोजीमा इजरायल पुगेका नेपाली महिलाहरूको कथा हो । यसमा महिलाहरू विदेशमा गएर कमाउने र घरमा रहेका अरूले त्यो कमाइ उडाइदिने कुरालाई देखाइएको छ ।

**जलवायु परिवर्तनमा मृत्युको छाया**

अहिले जलवायु परिवर्तनका सङ्केत देखापरिरहेको छन् । भूमण्डलीय तापक्रम बढ्दै गएकाले हिमाल पग्लिँदै गएर कालो चट्टानमा परिणत हुने र समुद्रको सतह बढ्दै गएर कैयौँ सहरहरू डुब्ने खतरा बढ्दै छ, अनावृष्टि र अतिवृष्टि जस्ता परिस्थितिको सिर्जना भएको छ । यसले सबैलाई चिन्तित तुल्याएको छ र पर्यावरण रक्षाका आवाज उठ्दै आएका छन् । जलवायु परिवर्तनले मानव जातिको अन्त्य हुने सन्त्रास उत्पन्न भएको छ । हामी 'हामीबिनाको जगत्' को कल्पनाले त्रस्त र रोमाञ्चित छौँ । नेपाली उपन्यासमा जलवायु परिवर्तनको दुष्प्रभावलाई मानवजातिको विनाशको, छायाको बिम्बका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

ध्रुवचन्द्र गौतमको *सातौँ ऋतु* (२०६८) जलवायु परिवर्तन र त्यसको प्रभावलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । स्वभावतः एक वर्षमा छओटा मात्र ऋतु हुन्छन् र ती चक्रवत् रूपमा घुमिरहन्छन् । अहिले जलवायु परिवर्तनका कारण जुन समयमा जस्तो प्रकारको मौसम देखिनु पर्ने हो त्यस्तो नभएर एउटा ऋतुमा अर्को ऋतुको लक्षण देखापर्न थालेको छ । त्यसलाई उपन्यासमा सातौँ ऋतु भनिएको छ । त्यसको प्रभाव यस्तो छ :

१. हेमन्त ऋतु छ । जाडो छ । एक्कासि सातौँ ऋतु आफूलाई प्रमाणित गर्न धर्तीलाई उग्र रूपमा तप्त तुल्याइदिन्थ्यो । एसीवालाहरू एसी खोल्न बाध्य हुन्थे ।

२. शीतकालमा हिउँ नहुने । हिमालसमेत चट्टान मात्र भएको एक सामान्य पहाड जस्तो देखिन थाल्दथ्यो ।

३. ग्रीष्म ऋतुमा मान्छे कठाङग्रिएर ठहरै भएको घटना पनि घटित भएका थिए । (गौतम, २०६८, पृ. १५)

उपर्युक्त कथनमा जलवायु परिवर्तनको समस्यालाई दुश्चिन्ताका रूपमा प्रस्तुत गरिएको छ । यो भौतिक यथार्थमा आधारित छैन । यसलाई स्वैरकल्पनाका रूपमा प्रस्तुत गरिएको छ । यस्तै प्रकारको प्रवृत्ति टंक चौलागाईंको *जिरो कटेज* (२०६८) मा पनि पाइन्छ । यसमा पृथ्वीको तापक्रम बढ्न नदिन र पर्यावरणीय संरक्षण गर्ने उद्देश्यले जिरो कटेजको स्थापना गरिएको छ । यो वातावरणमैत्री प्रविधि प्रयोगशाला हो र यो पृथ्वीको रक्षार्थ स्थापना गरिएको एन्टिभाइरस विश्वविद्यालय हो । भूमण्डलीय ऊष्णताले सबैभन्दा बढी खतरा नेपाललाई थियो । त्यसकारण सबै देश मिलेर जिरो कटेजको स्थापना नेपालमा गरिको हो । प्रकृति विनाश हुँदै गएकोले जनचेतना जगाउन, वायुमण्डलका विनाशकारी तत्त्वहरूसँग लड्न, प्रदूषण कम गरेर पृथ्वीको तापक्रम घटाउन यसको स्थापना गरिएको हो । तर त्यसलाई भाइरस निर्माताले ध्वस्त बनाइदिन्छ । यसप्रकारको दुश्चिन्ता यथार्थ नभएर मनको डर हो । जसरी भाइरसले कम्प्युटर प्रणालीलाई ध्वस्त पार्दछ त्यसैगरी मानवीय क्रियाकलापले वातावरणीय प्रदूषणको स्थिति ल्याएको छ । मान्छेले जति विज्ञान र प्रविधिको विकास गर्दै गएको छ त्यति नै मात्रामा वातावरण प्रदूषित हुँदै गएको छ । वातावरणीय प्रदूषण उत्पन्न गर्ने त्यत्तिकै सक्रिय छन् भने त्यसलाई रोक्नका लागि विश्वस्तरमा कार्यक्रम पनि बढाइँदै छ । उपन्यासमा जलवायु परिवर्तन र तापक्रम वृद्धिलाई मानवजातिको विनाशको खतराका रूपका हेरिएको पाइन्छ । त्यो मृत्युको छाया हो, आद्यस्वरूप हो ।

**निष्कर्ष**

नेपाली उपन्यासमा परम्परागत प्रवृत्तिमा परिवर्तन देखिन थालेपछि उत्तरवर्ती चरणको आरम्भ भएको मानिन्छ । प्रयोगवादी उपन्यासले परम्परागत लेखनबाट परिवर्तनको सङ्केत मिले पनि अर्थको केन्द्रीयताको भञ्जन तिनले पनि गर्न सकेनन् । नेपाली उपन्यासमा वि.सं. २०३६ देखि बहुलवाद, अर्थको अनिर्धायता, केन्द्रभञ्जन, विधामिश्रण, विडम्बना, सापेक्षतावाद, विनिर्माण, आत्मसन्दर्भात्मकता जस्ता प्रवृत्ति देखापर्न थाल्दछन् । त्यो आधुनिक कालदेखि कित्ताकाटको प्रयत्न हो र त्यो उत्तरार्ध चरणको आरम्भ पनि हो । उत्तरवर्ती नेपाली उपन्यासमा मनोविश्लेषणको प्रयोग अन्य विधामा भन्दा आख्यानमा ज्यादा फस्टाएको देखिन्छ । सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्ग मनोविश्लेषणात्मक सिद्धान्तका बृहत्त्रयी हुन् । कार्ल गुस्ताभ युङ्ग आद्यस्वरूप र मिथकका अध्येता हुन् । उनले विभिन्न पुराण, धर्मशास्त्र, संस्कृति आदिको अध्ययनबाट मनोवैज्ञानिक सिद्धान्तको प्रतिपादन गरेका छन् । आद्यस्वरूपको खोज उनको मौलिक योगदान हो । आद्यस्वरूपको अर्थ मूल ढाँचा वा मूल आकार भन्ने हुन्छ । साहित्यमा यसको प्रयोग आदिम बिम्ब, चरित्र वा परिस्थितिहरूको ढाँचा भन्ने अर्थमा गरिन्छ । युङ्गले आदिम अवशेषलाई आद्यस्वरूप वा आद्यबिम्ब भनेका छन् । आद्यस्वरूप मिथकीय बिम्ब वा अभिप्रायसँग सम्बन्धित हुन्छ । आद्यस्वरूप सामूहिक अचेतनसँग सम्बन्धित हुन्छ । युङ्गले विभिन्न प्रकारका आद्यस्वरूपको उल्लेख गरेका छन् । तीमध्ये मुख्य रूपमा 'एनिमा' (नारीपन), 'एनिमस' (पुरुषपन), 'स्याडो' (छाया), 'पर्सोना' (नकाब) र 'सेल्फ' (स्वयम्) पर्दछन् । उत्तरवर्ती नेपाली उपन्यासमा मिथकीय विषयवस्तुको प्रयोग उल्लेखनीय रहेको छ । ती उपन्यासमा आद्यस्वरूपको प्रकटन भने जीवन्त रूपमा भएको पाइन्छ । युङ्गका विचारमा सपनाका माध्यमद्वारा आद्यस्वरूपको अभिव्यक्ति हुन्छ । उत्तरवर्ती नेपाली उपन्यासमा सपनाका माध्यमद्वारा प्रकट भएका आद्यस्वरूपका उदाहरण प्रशस्त पाइन्छ । नारीमा अन्तर्निहित पुरुषत्व र पुरुषमा अन्तर्निहित नारीत्व आद्यस्वरूप हो । नारीवादी उपन्यासमा नारीको स्वतन्त्रता, श्रेष्ठता र महत्ताको अभिव्यक्ति तीव्र पाइन्छ । तिनमा पुरुष र नारीबिचको विभेद अस्वीकार गर्दै नारीपुरुष समान हुन् भन्ने विचार यस उपन्यासमा प्रस्तुत गरिएको छ । व्यक्तिले अन्य व्यक्तिरूसँग सम्बन्धका आधारमा स्वको पहिचान गर्दछ । मानिसमा सामूहिक अचेतनमा युद्ध गर्ने प्रवृत्ति आदिम कालदेखि विद्यमान छ । युद्ध, आक्रमण, बलप्रयोग आदिम प्रवृत्ति हुन् । उत्तर्वर्ती नेपाली उपन्यासमा नेपालको दश वर्षे सशस्त्र द्वन्द्व र विश्वयुद्धका घटनाको चित्रण पाइन्छ । नेपाली उपन्यासमा जातीयता शासक

र शासित जातिबिचको सम्बन्धलाई लिइएको र नश्ल र जातका आधारमा स्थापित नायकत्वलाई अस्वीकार गर्दै आफ्नो जातिको नायकत्वको खोजी गरिएको पाइन्छ । उत्तरवर्ती चरणमा विभिन्न जनजातिका नायकत्व खोजिएको छ । आप्रवासीहरूमा आफ्नो मातृभूमिप्रतिको माया प्रबल हुन्छ । मातृभूमि आमा स्थानिक हो । आप्रवासीका लागि आश्रय दिने मुलुक अर्का हो र आफ्नो पुर्ख्यौली देश मातृभूमि हो, आमाको आद्यस्वरूप हो । नेपाली उपन्यासमा आप्रवासीहरू मातृभूमिको आमा बिम्बप्रति लालायित भएको देखिन्छ । अहिले जलवायु परिवर्तनका सङ्केत देखापरिरहेका छन् । त्यसले सबैलाई चिन्तित तुल्याएको छ । नेपाली उपन्यासमा जलवायु परिवर्तनको दुष्प्रभावलाई मानवजातिको विनाशको, छायाको बिम्बका रूपमा प्रस्तुत गरिएको पाइन्छ । विविध आद्यस्वरूपको प्रयोग उत्तरवर्ती उपन्यासको विशेषता हो । आद्यस्वरूपको प्रयोग उत्तरवर्ती नेपाली उपन्यासको प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, इन्द्रविलास (२०६१). *पश्चिमी साहित्यसिद्धान्त*. साझा प्रकाशन ।

उपाध्याय, उमेश (२०५८). *कालान्तरमा फेरि*. साझा प्रकाशन ।

उप्रेती, सञ्जीव (सन् २००७). *घनचक्कर*. पब्लिकेसन नेपाञ्लय ।

कोइराला, विश्वेश्वरप्रसाद (२०४६), *मोदिआइन* (दोस्रो संस्क.). क्षितिज प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५०), *हिटलर र यहूदी* (तेस्रो संस्क.). साझा प्रकाशन ।

गैरे, शंकरप्रसाद (२०७८). *कृष्ण*. साङ्ग्रिला पुस्तक प्रा. लि. ।

गौचन, मनिषा (२०६९). *वल्लीको डायरी*. साङ्ग्रिला बुक्स ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन*. साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०४०). *अलिखित*. साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०६८). *सातौँ ऋतु*. साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६६). 'मोदिआइन' उपन्यासमा आद्यस्वरूप. *समष्टि*, *३०*(१), १-८ ।

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान*. साझा प्रकाशन ।

चौलागाईं, टंक (२०६८). *जिरो कटेज*. कखरा किताब ।

तेराख (२०६०). *सर्वजा*. तेजराज खतिवडा ।

थापा 'निरव', रोशन (२०६४). *प्रत्येक श्रवणकुमार अर्थात् युद्ध*. सााझा प्रकाशन ।

दीक्षित, मदनमणि (२०४८). *माधवी* (दोस्रो संस्क.). साझा प्रकाशन ।

देवकोटा, राजेश्वर (२०५०). *द्वन्द्वको अवसान* (तेस्रो संस्क.). साझा प्रकाशन ।

धरावासी, कृष्ण (२०६३). *राधा* (तेस्रो संस्क.). साझा प्रकाशन ।

धिताल, विनोदप्रसाद (२०५२). *योजनगन्धा*. साझा प्रकाशन ।

नगरकोटी, कुमार (२०७२). *मिस्टिका*. बुक-हिल पब्लिकेशन ।

पाठक, युग (२०६६). *उर्गेनको घोडा*. साङ्ग्रिला बुक्स प्रा. लि. ।

पाण्डे, नयनराज (२०५०). *अतिरिक्त*. साझा प्रकाशन ।

पुन मगर, दलबहादुर (२०६६). *दोस्रो विश्वयुद्धको पीडा*. श्री लीलादेवी पुन ।

प्रधान, राजनारायण (सन् १९७१). युङ्गको मनोविज्ञान : एक अधीति. कुमार प्रधान (सम्पा.), *वार्ताहरू* (पृ. ५६-६३). नेपाली साहित्य परिषद् ।

बराल, कृष्णहरि (२०७२). *मनोविश्लेषण र साहित्य* (दोस्रो संस्क.). अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसनल प्रा. लि. ।

बुद्धिसागर (२०६७). *कर्नाली ब्लुज*. फाइनप्रिन्ट आइएनसी ।

मल्ल 'गोठाले', गोविन्दबहादुर (२०५३). *अपर्णा*. बगर साहित्यिक प्रकाशन ।

मल्ल, विजय (२०३९). *कुमारी शोभा*. नेपाल प्रज्ञा-प्रतिष्ठान ।

मिश्र, मनुजबाबु (२०५६). *स्वप्न सम्मेलन*. साझा प्रकाशन ।

मुकारुङ, राजन (२०६५). *हेत्छाकुप्पा*. छेत्रकला राई तथा हर्कुमान राई ।

राई, गणेश (२०६६). *युद्ध एम्बुसमा राइफलको सङ्गीत*. नेपाली प्रतिभा प्रतिष्ठान ।

राजव (२०६५). *एटलान्टिक स्ट्रिट*. विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

राजव (२०६७). *मोटेल अमेरिका*. साझा प्रकाशन ।

राणा, जगदीशशमशेर (२०६०). *सेतो ख्याकको आख्यान* (दोस्रो संस्क.). श्रीमती भुवन राणा ।

रेग्मी, मुरारीप्रसाद (२०५५). मनोविश्लेषण. *नेपाली साहित्यकोश*. नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लोहनी, पुष्कर (२०५३). यौनमूर्तिको अस्तित्व 'नरेन्द्रदाइ'. जीवनचन्द्र कोइराला (सम्पा.), *विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा* (२२८-२४०). बी. पी. अनुसन्धान तथा सेवा केन्द्र ।

वाग्ले, नारायण (२०६१). *पल्पसा क्याफे*. पब्लिकेसन नेपा–लय ।

वाग्ले, नारायण (२०६७). *मयूर टाइम्स*. पब्लिकेसन नेपा–लय ।

विष्ट, दौलतविक्रम (२०४५). *ज्योति ज्योति महाज्योति*. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६६). *सलिजो*. सीमान्त प्रकाशन प्रा. लि. ।

शर्मा, शारदा (२०६९). *ताप*. साङ्ग्रिला बुक्स ।

श्रेष्ठ, ईश्वरकुमार (२०५१) *पूर्वीय एवम् पाश्चात्य साहित्य–समालोचना प्रमुख ममान्यता, वाद र प्रणाली*. साझा प्रकाशन ।

सरूभक्त (२०४८). *पागल–बस्ती*. साझा प्रकाशन ।

सरूभक्त (२०५८). *समय त्रासदी*. विजय गजानन्द वैद्य ।

सिंह, पद्मावती (२०६७). *समानान्तर आकाश* (दोस्रो संस्क.). साझा प्रकाशन ।

सुवेदी, अभि (२०५४). *पाश्चात्य काव्य–सिद्धान्त* (दोस्रो संस्क.). साझा प्रकाशन

सुवेदी, उमा (२०७०). *तोदा*. साङ्ग्रिला पुस्तक प्रा. लि. ।

सुवेदी, होमनाथ (२०६४). अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

Britannica, T. Editors of Encyclopaedia. archetype. *archetype*. *Encyclopedia Britannica*. Retrieved November 3, 2023, from https://www.britannica.com/topic/archetype

Beauvoir, S. de. (1953). *The second sex* (H. M. Parshley, Tras. & Ed.). Jonathan Cape.

Freud, S. (1910). The origin and development of psychoanalysis. *The American journal of psychology*, *21*(2), 181-218.

Freud, S. (1989). *The Freud Reader* (P. Gay, Ed.). W. W. Norton & Company.

Jagose, A. (1996). *Queer Theory: An Introduction.* New York University Press.

Jung, C. G. (1933). *Modern man in search of a soul*. Routledge & Kegan Paul Ltd.

Jung, C. G. (1958). *Essays on contemporary events* (R. F. C. Hull, Tras.). Routledge & Kegan Paul Ltd.

Jung, C. G. (1964). Approaching the unconscious. In C. G. Jung (Ed.). *Man and his symbols.* Ferguson Publishing.

Jung, C. G. (1969). *The archetypes and the collective unconscious* (R. F. C. Hull, Tras., 2nd ed., Vol. 9, Part 1). Princeton University Press.

Jung, C. G. (2001). *Four Archetypes: Mother, Rebirth, Spirit, Trickster.* (R. F. C. Hull, Tras.). Routledge.

Jung, C. G. (2003a). *Aspects of the feminine* (R. F. C. Hull, Tras.). Routledge.

Jung, C. G. (2003b). *Aspects of the masculine* (J. Beebe, Ed., R. F. C. Hull, Tras.). Routledge.

Merriam-Webster. (n.d.). Archetype. *Merriam-Webster.com dictionary*. Retrieved November 24, 2023, from https://www.merriam-webster.com/dictionary/archetype

Moi, T. (1986), Feminist Literary Criticism. In A. Jefferson and D. Robey (Eds.), *Modern Literary Theory, A comparative Introduction* (2nd ed., pp. 204-221). B. T. Batsford Ltd.

Nayar, P. K. (2010). *Contemporary Literary and Cultural Theory.* Pearson.

Plato. (2005). Persons of dialogue. In H. Admns & L. Searle (Eds.), *Critical Theory Since Plato* (3rd ed., pp. 29-38). Thomson/Wadsworth.

Sendinger, T. (2002). National and Identification: Psychoanalysis, Race, and Sexual Difference. *Cultural Critique*, *50*, 40-75.

Thompson, S. (1955-1958). *Motif-index of folk-literature : A classification of narrative elements in folktales, ballads, myths, fables, mediaeval romances, exempla, fabliaux, jest-books, and local legends* (Revised and enlarged. edition). Indiana University Press.